जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ८७ • २०८२ साल साउन ३० गते शुक्रबार (15 August, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेशमा पनि डेंगुको संक्रमण
# संक्रमणको मुख्य कारण अव्यवस्थित फोहोर व्यवस्थापन

टुडे समाचारदाता

जनकपुरधाम । पछिल्लो समय मधेश प्रदेश र देशका अधिकांश जिल्लामा डेंगुको संक्रमण फैलिदैँ गएको छ।

गत पुसको मध्यदेखि अहिलेसम्ममा २ हजार ९५२ जनामा डेंगु संक्रमण देखिएको पुष्टि भएको छ।

डेंगु संक्रमण ७४ जिल्लामा फैलिएको छ भने गत एक सातामा १८० नयाँ संक्रमित थप भएको जनाइएको छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) को पछिल्लो तथ्यांकले जनाए अनुसार मधेश प्रदेशमा १८, कोशी प्रदेशमा ४७, बागमती प्रदेशमा २९८, गण्डकीमा २७, सुदूरपश्चिममा २४, लुम्बिनीमा २२, मधेशमा १८ र कर्णालीमा ६ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। सबैभन्दा बढी बागमती प्रदेशमै देखिएको छ।

स्वास्थ्य विज्ञहरूले वास्तविक संक्रमितको संख्या रिपोर्ट भएकाभन्दा धेरै हुन सक्ने दाबी गरेका छन् । ईडीसीडीले उपलब्ध तथ्यांक राष्ट्रिय प्रणालीमा रिपोर्ट भएको सरकारी तथ्यांक वास्तविक डेंगु संक्रमणको एक सानो भाग मात्र भएको छ।

१० हजार मानिसलाई डेंगु भयो भने १ हजार मानिसमा मात्रै लक्षण देखा पर्ने गरेको चिकित्सकको भनाइ छ।

शुरुमा भाइरस छिरेपछि शरीरमा रोगसँग लड्ने क्षमता (एन्टिबडी) नबन्दासम्मको समयमा लामखुट्टेले टोकेमा शरीरको भाइरसले लामखुट्टेमा संक्रमण हुने गरेको छ।

एक पटक लामखुट्टे संक्रमित भएपछि उसका वंशजहरूमा समेत संक्रमण हुने गर्छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. युवानिधि बसौलाले धेरै बिरामीले लक्षणविहीन अवस्थामा समुदायमा अन्य व्यक्तिलाई संक्रमण सारिरहेको अवस्था रहेको बताए।

डा. बसौलाले मनसुनपछिको अवधिमा संक्रमण बढ्ने भएकाले आगामी दिनमा डेंगु संक्रमित संख्या बढ्नसक्ने अनुमान गरे।

एडिस एजेप्टाइ र एडिस एल्बोपेक्टस नामक लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु संक्रमण नेपालमा पहिलो पटक २००४ मा चितवनमा आएका एक विदेशी नागरिकमा भेटिएको थियो।

त्यसपछि सन् २००६ मा तराई र भित्री मधेशका केही जिल्लामा डेंगुका बिरामी भेटिएका थिए।



२०२० मा धरानबाट फैलिएको डेंगुबाट १८ हजार मानिस संक्रमित भएका थिए। ४३ जिल्लामा फैलिएको डेंगुले १२ जनाको मृत्यु भएको थियो।

त्यसयता देखि नै हरेक वर्ष ठूलो संख्यामा संक्रमित देखिन थालेको छ । अहिले सो रोग स्थानीय रूपमा फैलिने भएकाले वर्षभरि जोखिम रहँदै आएको छ । सन् २०२२ मा डेंगु संक्रमित ७७ वटै जिल्लामा फैलिँदा ५४ हजारभन्दा बढी संक्रमित भए । उनीहरूमध्ये ८८ जनाको मृत्यु भएको थियो।

> डेंगु नियन्त्रणका लागि सबैभन्दा प्रभावकारी उपाय "खोज तथा नष्ट अभियान" नै हो । तर त्यसका लागि नागरिक स्वयं नै जिम्मेवार हुनुपर्छ ।

२०२३ मा कोशी प्रदेशमा डेंगु फैलिएको थियो । २० जना मृत्यु हुँदा ५२ हजारभन्दा बढी संक्रमित भएका थिए।

सन् २०२४ मा १५ जनाको मृत्यु र ४१,८६५ जना संक्रमित भएको तथ्यांकमा उल्लेख गरिएको छ।

विश्व परिवेश र शहरीकरण कारण डेंगुलाई पूर्णत घटाउन गाह्रो हुने विज्ञ बताउँछन् । शहरी क्षेत्रमा डेंगु फैलिनुको प्रमुख कारण अव्यवस्थित फोहोर व्यवस्थापन छ।

ईडीसीडीले यसवर्ष सबैभन्दा खराब अवस्थामा यस वर्ष ६० हजारलाई संक्रमण हुनसक्ने अनुमान गरेको छ।

एनका अनुसार पानी जम्मा गर्न राखिएका ड्रम र बाल्टीहरू, पुराना टायर र फोहोरमैला, कौसी खेतीका गमला, खुला खाल्डाखुल्डीमा जमेको पानी स्थानहरू एडिस एजेप्टाई र एडिस एल्वौपेक्टस प्रजातिका लामखुट्टेका लागि प्रजनन् स्थल छन् ।

विगत एक दशकमा तराईदेखि पहाडी जिल्लासम्म फैलिएको डेंगु अहिले जनस्वास्थ्यको प्रमुख चुनौती बन्दै गएको छ।

दुई दशक अघिसम्म काठमाण्डु उपत्यकामा विरलै मात्र लामखुट्टे लाग्थ्यो । पहाडी र हिमाली जिल्लामा कीराहरूबाट सर्ने 'किटजन्य रोग' सायदै फैलिने गरेको थियो । तर केही वर्षयता तराईका भू-भागमा मात्रै हुने भनिएका रोगहरू पहाड हुँदै हिमाली क्षेत्रसम्मै पुगिसकेका छन् ।जनस्वास्थ्यविद्का अनुसार डेंगुको प्रकोप फैलिनुमा बढ्दो तापक्रम, जनघनत्व, अव्यवस्थित शहरीकरण, जलवायु परिवर्तन, लामो बर्खा, किटाणुमा कम तापक्रममा बाँच्न सक्ने क्षमताको विकास लगायत कारण हुन्।

सामान्यतया १५ देखि ३५ डिग्रीको तापक्रममा लामखुट्टेको वृद्धि विकास हुने गरेको छ । डेंगु भाइरस फैलाउने लामखुट्टेका लागि भने १० देखि ४० डिग्रीसम्मको तापक्रम अनुकूल मानिन्छ।

डेंगु नियन्त्रणका लागि सबैभन्दा प्रभावकारी उपाय 'खोज तथा नष्ट अभियान' नै हो । तर त्यसका लागि नागरिक स्वयं नै जिम्मेवार हुनुपर्छ।



# शुभकामना संदेश

सत्यमेव जयते



श्री देवी सहाय मीना
भारतको महावाणिज्य दूत, बीरगंज

भारतको ७९ औं स्वतन्त्रता दिवसको शुभ अवसरमा, म, बीरगंज स्थित भारतीय महावाणिज्य दूतावासको तर्फबाट नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरुलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्दछु। वाणिज्य दूतावासले पछिल्ला केही समयमा नेपाल-भारत सांस्कृतिक महोत्सव, नेपाल-भारत मैत्री क्रिकेट खेल, राजस्थानी कालबेलिया नृत्य प्रदर्शन, अन्तर्राष्ट्रिय योग दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस, आदि जस्ता धेरै कार्यक्रमहरु आयोजना गरेको छ। वाणिज्य दूतावासले अन्तर्राष्ट्रिय महिला दिवस, विश्व साइकल दिवस, विश्व वातावरण दिवस, विश्व रक्तदाता दिवस आदि जस्ता महत्वपूर्ण अवसरहरु मनाउन उपयुक्त कार्यक्रमहरु पनि आयोजना गर्यो जसमा उल्लेखनिय रुपमा मानिसहरुको सहभागिता थियो। भारतीय महावाणिज्य दूतावास आफ्ना कार्यक्रमहरुमा भाग लिने र यी कार्यक्रमहरुलाई सफल बनाउने सबैलाई धन्यवाद दिन चाहन्छ। वाणिज्य दूतावासले वातावरण संरक्षणप्रति मानिसहरुमा चेतना बढाउने उद्देश्यले विभिन्न संस्थाहरु, गैरसरकारी संगठनहरु, विद्यालयहरु आदिसँगको सहकार्यमा धेरै वृक्षारोपण अभियानहरु पनि आयोजना गर्यो।

२. भारत सरकार नेपालको जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्नुका साथै नदी तटबन्ध, एकीकृत जाँच चौकी, रेलवे कनेक्टिभिटी निमार्णको क्षेत्रमा सहयोग र सहायता पुर्याउन प्रतिबद्ध छ। भारत नेपाल विकास साझेदारी अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा बारा जिल्लाको फेटामा बंगरी नदीमाथि निर्माण गरिएको पुलको उद्घाटन गरिएको छ। हालै, भारत सरकारको तर्फबाट महावाणिज्य दूतावासले मधेश प्रदेशका विभिन्न स्वास्थ्य संस्थाहरुलाई ७ वटा एम्बुलेन्स प्रदान गरेको छ। विभिन्न क्षेत्रमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु (ज्क्ष्ऋएम्क) पनि कार्यान्वयन भइरहेका छन्।

३. भारतीय महावाणिज्य दूतावासले दुई देश बीचको द्विपक्षीय व्यापार विकास र सहजीकरण गर्न विभिन्न सरोकारवालाहरुसँग मिलेर काम गर्दछ। द्विपक्षीय सम्बन्धलाई अगाडि बढाउन दुवै देश बीच नियमित उच्च-स्तरीय आदानप्रदानहरु भएका छन्, जसले दुवै देश बीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई पुन: पुष्टि गर्दछ, जसले ऐतिहासिक, सांस्कृतिक, सभ्यता र जन स्तरको सम्बन्धमा गहिरो रूपमा जरा गाडेको छ। हालका वर्षहरुमा द्विपक्षीय सहयोगमा उल्लेखनीय प्रगति भएको छ, विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरुमा - भौतिक, डिजिटल, ऊर्जा साथै जन-जन बीचको सम्बन्ध, जुन सडक, पुल, एकीकृत जाँच चौकी, सीमापार रेलवे का साथै पेट्रोलियम पाइपलाइनहरुसँग सम्बन्धित पूर्वाधार परियोजनाहरुको निरन्तर कार्यान्वयनले प्रकट भएको छ।

४. भारत र नेपाल बीचको सम्बन्ध विश्वमै अद्वितीय छ। भारत र नेपाल बीच साझा सांस्कृतिक, धार्मिक र सामाजिक परम्पराहरु छन्। दुवै देश बीच प्राचीन कालदेखि नै गहिरो मैत्रीपूर्ण सम्बन्ध रहि आएको छ। हाम्रा साझा परम्पराहरुले दुवै देशका जनतालाई बलियोसँग जोडेका छन्। महावाणिज्य दूतावासले विभिन्न पहलहरु मार्फत दुवै देश बीचको सम्बन्धलाई अझ उचाइमा पुर्याउन प्रयास गरिरहेको छ।

५. आज भारत द्रुत गतिमा बढ्दै छ र विकास गर्दैछ, र विभिन्न क्षेत्रहरुमा उल्लेखनीय प्रगति गरेको छ। भारत आज सबैभन्दा छिटो प्रगति गर्ने प्रमुख अर्थतन्त्रहरु मध्ये एक हो र हाल विश्वको चौथो ठूलो अर्थतन्त्र हो। महावाणिज्य दूतावास भारत र नेपाल बीचको वाणिज्यिक र आर्थिक सम्बन्धलाई अझ बलियो बनाउन प्रतिबद्ध छ। भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हुनुका साथै पर्यटक र लगानीको सबैभन्दा ठूलो स्रोत पनि हो। भारतले आफ्नो "छिमेकी पहिलो" नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई ठूलो महत्त्व दिन्छ र विभिन्न पहलहरु मार्फत नेपाललाई सहयोग र समर्थन गरिरहनेछ।

जय हिन्द !

बीरगंज (नेपाल)
१५ अगस्ट २०२५


# निलम्बित मेयरलाई ८ वर्ष कैद र १० करोड जरिवाना

टुडे समाचारदाता

जनकपुरधाम । सर्लाहीको बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापालाई नदीजन्य पदार्थ हिनामिना गरेको भ्रष्टाचार मुद्दामा विशेष अदालतले ८ वर्ष कैद र १० करोड रुपैयाँभन्दा बढी जरिवानाको फैसला गरेको छ।

सो मुद्दामा भरत थापासहित विमल कुमार पोखरेल र सागर पौडेल पनि प्रतिवादी थिए। अदालतले थापा, पोखरेल र पौडेलले संयुक्त रूपमा करिब ३० करोड २९ लाख रुपैयाँ बराबरको नदीजन्य पदार्थ हिनामिना गरेको ठहर गरेको छ।

बिहीबारको फैसलाअनुसार, तीनै जना प्रतिवादीलाई जनही ८ वर्ष कैद सजाय तोकिएको छ। यसका साथै कुल बिगोको दामासाहीले हुने गरी जनही १० करोड ९ लाख ७८ हजार २९९ रुपैयाँ जरिबानासहित बिगोसमेत असुल गरिने अदालतले जनाएको छ।

यसका अतिरिक्त, अदालतले अपराध पीडित संरक्षण ऐन, २०७५ अनुसार उनीहरूलाई जनही ४० लाख ३९ हजार १३१ रुपैयाँ क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा जम्मा गर्न पनि आदेश दिएको छ।




## प्रदेश खेलकुद परिषद्को सदस्य यादव नियुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल लोकतान्त्रिक खेलकुद संघको प्रदेश अध्यक्ष तथा नेपाल सेल्फ डिफेन्सका वरिष्ठ प्रशिक्षकसमेत रहेका राष्ट्रिय खेलाडी सुनिल यादवलाई मधेश प्रदेश खेलकुद परिषद्को सदस्य पदमा नियुक्त गरिएको छ।

प्रदेश खेलकुद विकास ऐन २०८१ को दफा ३ को उपदफा २ (क) बमोजिम मधेश प्रदेश खेलकुद परिषद्को अध्यक्ष खेलकुद तथा समाज कल्याण मन्त्रालयका मन्त्री हुने व्यवस्था अनुसार मनोनित गरिएको खेलकुद तथा समाज कल्याण मन्त्रालयका निवर्तमान सचिव रञ्जितकुमार यादवले जानकारी दिए।


नवनियुक्त सदस्य यादवलाई मन्त्री स्तरीय निर्णयानुसार परिषद्को सदस्य पदमा मनोनीत गरिएको उनले बताए। मधेश प्रदेशको खेलकुद क्षेत्रको प्रवर्द्धन र समग्र विकासमा थप योगदान पुर्‍याउने अपेक्षासहित उनलाई नियुक्त गरिएको निवर्तमान सचिव रञ्जित यादवले बताए।

# आरोग्य निकेतनको उद्घाटन सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले स्वास्थ्य क्षेत्रमा देखिएका विकृतिहरू अन्त्य गर्न सबैको सहयोग आवश्यक भएको बताएका छन्।

जनकपुरधाममा बिहीबारबाट सञ्चालनमा आएको आरोग्य निकेतन अस्पतालको उद्घाटन गर्दै उनले स्वास्थ्य क्षेत्रमा सुधारका लागि विगतमा आफूले सञ्चालन गरेको अस्पताल अनुगमनको अभियानको क्रममा मधेश प्रदेशमा सञ्चालित केही अस्पतालमा विभिन्न खालका विकृतिहरू देखिएको बताए।




उनले यस्ता विकृतिहरू अन्त्यका लागि सरोकारवाला सबै पक्षको निगरानी आवश्यक रहेको बताए।

उनले मधेश प्रदेशमा मापदण्डविपरीत धेरै जसो अस्पताल सञ्चालन गरिएको र त्यस्ता अस्पताललाई प्रदेश सरकारले बन्दसमेत गराएको बताए। उनले एम्बुलेन्सका ड्राइभरहरूले अस्पताल खोलेर दिनदहाडै नागरिकलाई लुटने गरेको भन्दै त्यस्तो गर्ने जोकोहीलाई पनि कारबाहीको दायरामा ल्याउने बताए।

सो कार्यक्रममा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, वरिष्ठ चिकित्सक डा. विजयकुमार सिंह, डा. अमित सिंह, जनकपुरधाम उपमहानगरपालिकाका पूर्वमेयर वृषेशचन्द्र लाल, पूर्वउपमेयर असगर अलीलगायतको उपस्थिति रहेको थियो।

# प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिले समस्या

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रदेश लोक सेवा आयोगको दोहोरो नीतिका कारण मधेश प्रदेश अन्तर्गतका १०औं तहका कर्मचारीको बढुवामा समस्या देखिएको छ।

संघबाट प्रदेशमा आएका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिमको आवश्यकता नरहेको मधेश प्रदेश निजामति ऐन २०७७ को दफा नं १२५मा उल्लेख रहेको छ। सो ऐनमा संघबाट समायोजन भएर आएका कर्मचारीलाई संघीय सरकारले दिएको सेवा सुविधा सरह प्रदेश सरकारले दिने जनाइएको छ। संघीय निजामती सेवा ऐनमा पनि स्वास्थ्यतर्फका कर्मचारीलाई बढुवाका लागि सेवाकालीन तालिमको आवश्यकता नरहेको उल्लेख छ। तर मधेश प्रदेश लोक सेवा आयोगले समायोजनबाट आएका कर्मचारीलाई सेवाकालीन तालिम नभएसम्म बढुवा नहुने प्रावधान राखेपछि बढुवा अवधि पुगेका १०औं तहका कर्मचारी समस्यामा परेका छन्।

सो समस्याबाट पीडित वरिष्ठ स्वास्थ्य प्रशासक नवलकिशोर झाले संघबाट आएका कर्मचारीलाई सेवाकालीन तालिमको




आवश्यक्ता नरहेको मधेशको निजामती सेवा ऐनमा उल्लेख भएपनि सेवाकालीन तालिमको विषय राखेर बढुवामा रोक लगाउनु न्यायोचित नभएको गुनासो गरे। यस विषयमा आफूले प्रदेश लोक सेवा आयोगमा उजुरीसमेत दर्ता गराएर सो विषय हटाउन तथा बढुवाको प्रक्रिया अगाडि बढाउन माग गरेको जनाए।

यसअघि मधेश प्रदेश लोक सेवा आयोगले समायोजनबाट आएका सेवाकालीन तालिम नपाएका छैटौं देखि ११औं तहसम्मका २० भन्दा बढी कर्मचारी बढुवासमेत गरिएको थियो।

उच्च अदालत जनकपुरले पनि प्रदेशमा समायोजन भएर आएको कर्मचारीलाई सेवाकालीन तालिमको आवश्यकता नरहेकाले प्रदेशका कर्मचारीले सो अदालतमा गरेको निवेदनको आधारमा बढुवा गर्न फैसला गरेको नजिर रहेको वरिष्ठ स्वास्थ्य प्रशासक झाले बताए।

# बंगलादेशी युवतीको हनी ट्राप आरोप

**दिलीप पाण्डे**

रौतहट । सामाजिक सञ्जालमार्फत चिनजान भएकी एक बंगलादेशी युवतिले गौरका एक युवकलाई धम्की र दबाबमा पारेर मानसिक यातना दिएको आरोप लागेको छागौर नगरपालिका-६ का मोहम्मद महताब आलमका दाजु मोहम्मद आफताबका अनुसार उक्त युवतीले अनलाइन विवाह गरेको भन्दै केही दिनअघि गौर आइपुगी घरमै बस्ने प्रयास गरिन्। तर पीडित युवक कहिल्यै बंगलादेश नगएको दाबी परिवारको छ।

देशमै नगएको मानिसले बंगलादेशको अदालतमा कसरी अनलाइन विवाह गर्न सक्छ? भन्दै आफताबले शंका व्यक्त गरे। उनका अनुसार युवतीले निरन्तर दबाब दिँदै जबरजस्ती घरमै बस्ने प्रयास गरेपछि परिवार त्रासमा परेको हो।केही महिना अघि पनि




ती युवती गौर आएकी थिइन् तर त्यसबेला सम्झाइबुझाइ गरेर फर्काइएको थियो। तर हाल पुनः फर्किएपछि परिवारले घरमा ताल्चा लगाएर अन्यत्र बस्नुपरेको आफताबको भनाइ छ।

नेपाल पत्रकार महासंघ रौतहटमा आयोजित पत्रकार सम्मेलनमा आफताबले भनेयुवतिले अनलाइन विवाहको बहाना बनाएर घरमै बस्न खोजिन्। हामी डराएका छौं। प्रशासनले निष्पक्ष छानबिन गर्नुको साटो उल्टै हामीलाई मानसिक दबाब दिइरहेको छ। उनका अनुसार ती बंगलादेशी युवती भारतको बैरगनिया दैनिक आवतजावत गर्दै आएकी छिन् जसले उनको गतिविधिप्रति थप शंका उत्पन्न भएको छ। आफताबले युवतीको पहिचान र गतिविधिबारे तत्काल छानबिन गरी हनी ट्रापमा पार्न खोज्ने व्यक्तिमाथि कारबाही गर्न माग गरे। घटनाले सीमावर्ती क्षेत्रमा विदेशी नागरिकको आवतजावत र सामाजिक सञ्जालमार्फत हुने हनी ट्रापप्रति गम्भीर प्रश्न उठाएको छ।

# पर्यटन विभागका निर्देशकविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु। पर्यटन विभागका निर्देशक सचिन्द्रकुमार यादवविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार विभागका निर्देशक सीडीई यादवविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

आरोपित यादवविरुद्ध ९६ लाख ८५ हजार ५ सय ५३ रुपैयाँ बिगो कायम गरी कैद र जरिवाना तथा स्रोत नखुलेको सम्पत्तिबाट बढे/बढाइएको जायजेथा पनि जफतको मागदाबी गरिएको छ।

२०६६ जेठ २४ गते सेवा प्रवेश गरेका यादवको २०७९ साउन २९ सम्मको चलअचल सम्पत्ति अनुसन्धानको दायरामा पारिएको थियो। जाँच अवधिमा २ करोड ६८ लाख १८ हजार



९ सय रुपैयाँबराबरको सम्पत्ति फेला परेकोमा यो अवधिको कुल खर्च तथा विभिन्न क्षेत्रमा गरेको लगानी ३ करोड ६५ लाख ४ हजार ४ सय ५३ रुपैयाँ भेटिएपछि स्रोत नखुलेको बाँकी रकमलाई अख्तियारले बिगो कायम गरेको छ।

स्रोत नखुलेको सम्पत्ति यादवकी पत्नी आशाकुमारी यादवको नाममा समेत राखिएको भेटिएपछि उनलाई समेत सम्पत्ति जफत प्रयोजनका लागि मुद्दाको प्रतिवादी बनाइएको अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए।

# सुनचाँदी पसलमा छापामारी

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका-६ माईस्थानस्थित गहवामाई मन्दिर नजिक सञ्चालित "दीपसन एण्ड सानवी ज्वेलर्स" मा बिहीबार दिउँसो प्रहरीले छापा मारेको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक (डीएसपी) किशोर लम्सालको नेतृत्वमा गएको प्रहरी टोलीले पसलमा छापामारी गरेको छ। प्रहरीका अनुसार बिलबिजक विना सुन-चाँदीको कारोबार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा छापा मारिएका छ।

छापामारीको क्रममा पसल सञ्चालक दीपक सर्राफसँग खरिद-बिक्रीका बिलबिजक माग्दा प्रस्तुत विवरणमा कैफियत देखिएको पर्सा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार, खरिद गरिएको सुनको परिमाण




बिक्रीभन्दा बढी देखिए पनि मौज्दातमा त्यो अनुपातमा सुन फेला परेन। यसपछि प्रहरीले आन्तरिक राजस्व कार्यालयका कर्मचारीलाई बोलाएर बिलबिजकहरू थप अनुसन्धानका लागि जिम्मा लगाएको थियो।

यद्यपि, पर्सा सुनचाँदी व्यवसायी संघका अध्यक्ष भुलन सर्राफले भने प्रहरीले आफ्नो कार्यक्षेत्र नाघेको दाबी गरे। उनले राजश्व संकलन र हिसाब-किताबको काम राजश्व कार्यालयको अधिकार क्षेत्र भएको भन्दै प्रहरी आफैंले त्यो जिम्मेवारी लिएकोमा आपत्ति जनाए। अध्यक्ष सर्राफले भने, "प्रहरीले सूचना पाएको भए सम्बन्धित निकाय तथा व्यवसायीसँग समन्वय गर्नुपर्थ्यो। यस्तो छापा प्रहरीको ज्यादती मात्र हो।"

घटनाको जानकारी पाएपछि स्थानीय सुनचाँदी व्यवसायी र कालीगढहरू घटनास्थलमा भेला भएर प्रहरीविरुद्ध नाराबाजी समेत गरेका थिए।

# वृद्ध हत्या घटनामा दुई पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहाको धनगढीमाई नगरपालिका-११ स्थित आमचोकका ८५ वर्षीय फनिलाल यादवको हत्या घटनामा दुई जना



पक्राउ परेका छन्। प्रहरीले दुई साताको अनुसन्धानपछि घटनामा दुई जनालाई पक्राउ गरेको छ।

धनगढीमाई नगरपालिका-२ स्थित भवानीपुरका ३३ वर्षीय महेश चौधरी र सोही ठाउँका १९ वर्षीय प्रशान्त कुमार मण्डललाई पक्राउ गरिएको सिरहा प्रहरीले जनाएको छ। उनीहरूलाई बिहीबार पत्रकार सम्मेलनमार्फत् प्रहरीले सार्वजनिक गरेको छ। त्यस्तै उनीहरूमाथि थप अनुसन्धानका लागि सिरहा जिल्ला अदालतबाट प्रहरीले पहिलोपटक सात दिनको म्याद पनि पाएको छ।

गत साउन १४ गतेको मध्यरातमा फनिलालको आफ्नै घरमा धारिलो हतियार प्रहार गरी हत्या भएको थियो। प्रहरीका अनुसार, अनुसन्धानका क्रममा चौधरीले आफूहरू त्यहाँ चोरी गर्न गएको र फनिलालले होहल्ला गर्न खोज्दा आफूले बोकेको खुकुरी शरीरको विभिन्न भागमा प्रहार गरेको बयान दिएका छन्।

उनीहरू फनिलालमाथि धारिलो हतियार प्रहार गरी फरार भएको र अत्याधिक रक्तस्रावका कारणले उनको मृत्यु भएको प्रहरीको अनुसन्धानबाट खुलेको छ। जिल्ला प्रहरी कार्यालय, सिरहाका प्रहरी उपरीक्षक अनन्तराम शर्माले जनाए अनुसार केन्द्रिय अनुसन्धान ब्यूरो (सीआईबी), प्रदेश प्रहरी कार्यलय, जिल्ला प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय लहानले संयुक्त रूपमा घटनाको अनुसन्धान गरेको थियो।

# अनुदानको करिब दुई सय बोरा मल बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साका प्रमुख जिल्ला अधिकारीको निर्देशनमा खटिएको संयुक्त अनुगमन टोलीले विभिन्न स्थानमा छापा मार्दा सरकारी अनुदानको रासायनिक मल बरामद गरिएको छ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयको निर्देशनमा सरोकारवाला कार्यालयका प्रतिनिधिहरु सम्मिलित अनुगमन टोलीले बुधबार अनुगमनको क्रममा सखुवा प्रसौनी गाउँपालिका-२ स्थित कटेया गाउँका दुई घरमा छापा मारेर १ सय ९१ बोरा सरकारी अनुदानको मल बरामद गरिएको छ।

सो टोलीले साह मोहम्मद अन्सारी र



युनुस अन्सारीको घरमा छापामारी गरेको थियो। साह मोहम्मदको घरबाट डीएपी ९ बोरा, पोटास १८ बोरा र फस्फेट ११४ बोरा गरी १४१ बोरा मल बरामद भएको छ। युनुसको घरबाट डीएपी २७ बोरा र पोटास २३ बोरा गरी ५० बोरा मल फेला परेको छ।

सो टोलीमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, साल्ट ट्रेडिङ कर्पोरेसन र कृषि सामग्री कम्पनी लिमिटेडका प्रतिनिधिहरू सहभागी थिए।

बरामद गरिएको सो मल प्रहरीले आफ्नो नियन्त्रणमा लिएको छ। मल भण्डारण गर्ने दुवै घरधनी फरार छन्। उनीहरुले सरकारी अनुदानको मल भण्डारण गरी राखेको र महँगो मूल्यमा बिक्री गरिरहेको गुनासो आएपछि छापा मारिएको प्रमुख जिल्ला अधिकारी अर्यालले जनाए।

यसअघि प्रजिअ अर्यालले जिल्लाभर मल वितरणमा अनियमितता रोक्न कृषि सहकारी संस्थाका सञ्चालक, स्थानीय तहका उपप्रमुख र कृषि शाखा प्रमुखलाई बोलाएर पारदर्शी वितरणका लागि निर्देशन दिए।

## ज्योतिष-मार्गदर्शन



प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ। |
| वृष : | चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। |
| मिथुन : | माइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। |
| कर्कट : | धेरै खर्च र ठुलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ। |
| सिंह : | एकसाथ चुनौती र लाभको अवसर प्राप्त हुन सक्छ। |
| कन्या : | प्रतीक्षा गरिएको काम छिटै सम्पादन हुनेछ। |
| तुला : | अस्वस्थताले काममा खट्ने समस्या पर्नेछ। |
| वृश्चिक : | व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। |
| धनु : | घुमफिर तथा मनोरञ्जनको समय छ। |
| मकर : | पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ। |
| कुम्भ: | चिताएको काममा मेसो नमिल्दा योजना पूरा नहुन सक्छ। |
| मीन : | स्थायी सम्पत्तिमा विवाद आउन सक्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नेपाल पत्रकार महासंघ मधेश प्रदेशको जनकपुरधामस्थित विवादीत जग्गामा पुनः पार्किङ्ग गर्न थालिएको छ। तस्बिर : टुडे

# शिक्षा तथा संस्कृति मन्त्रालयको वार्षिक प्रगति समीक्षा गोष्ठी सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय तथा यसको मातहतका निकायहरूको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति समीक्षा गोष्ठी बिहीबार जनकपुरधाममा सम्पन्न भएको छ।

शिक्षा तथा संस्कृति मन्त्रालयको आयोजनामा भएको उक्त कार्यक्रममा बीतिएको आर्थिक वर्षमा सम्पन्न कार्यक्रम र आगामी योजनाबारे विस्तृत समीक्षा तथा छलफल गरिएको थियो।



कार्यक्रममा शिक्षा मन्त्री रानी शर्मा तिवारीले विगत वर्षका उपलब्धि र कमजोरीको आधारमा आगामी वर्षका योजना अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याइन्। उनले शिक्षाको गुणस्तर सुधार, विद्यालय पूर्वाधार विकास, र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा मन्त्रालय प्रतिबद्ध रहेको बताइन्।

समीक्षा कार्यक्रममा मन्त्रालयका अधिकारी, प्रदेशका विभिन्न शिक्षा निकायका प्रतिनिधि, शिक्षक संघका पदाधिकारी र सरोकारवालाको सहभागिता रहेको थियो।

# प्याबसनद्वारा मेयरलाई ज्ञापनपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम। सरकारद्वारा हालै प्रस्ताव गरिएको शिक्षा ऐन संशोधन विधेयकप्रति धनुषाको क्षीरेश्वरनाथमा प्याब्सनले गम्भीर आपत्ति जनाउँदै विरोधका कार्यक्रमहरू सार्वजनिक गरेको छ। निजी विद्यालयको अधिकारमा हस्तक्षेप हुने भन्दै प्याब्सन क्षीरेश्वरनाथ नगर समितिले विधेयकमा आवश्यक संशोधन नभए आन्दोलनलाई विद्यालय बन्दसम्म गर्ने चेतावनी दिएको छ।



प्याब्सन, एन प्याब्सन लगायत देशभरिका सरोकारवाला संघसंस्थाहरूको आह्वानमा मिर्चैया प्याब्सन पनि विरोधमा उत्रिएको छ।

प्याब्सन क्षीरेश्वरनाथ नगरका अध्यक्ष महेश महतो र सचिव रामसिठ महतोले संयुक्त रुपमा आज क्षीरेश्वरनाथ नगरपालिकाका मेयर सुकदेव यादव र शिक्षा शाखाका प्रमुख दीपक खत्रीलाई ज्ञापन पत्र बुझाएका छन्।

सो ज्ञापनपत्र अनुसार निजी विद्यालयहरुलाई क्रमशः गैर नाफामूलक बनाइने भन्ने वाक्यांश हटाइनुपर्ने, पूर्ण छात्रवृत्ति शब्द हटाइनुपर्ने, हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी संख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिइनुपर्ने र छात्रवृत्ति अन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्क कायम हुनुपर्ने माग तत्काल सच्याउनुपर्ने माग अघि सारेका छन्।

# दुम्सी सिकार गर्ने चार जना पक्राउ

**टुडे समाचारदाता**

बर्दिवास। महोत्तरीमा दुम्सीको अवैध शिकार गर्ने ४ जनालाई प्रहरीले पक्राउ गरेको जनाइएको छ। महोत्तरीको बर्दिवास-१० स्थित लक्ष्मीनियाँ जंगलबाट दुम्सीसहित अवैध सिकार गर्ने ४ जनालाई पक्राउ गरिएको छ।



सर्लाही ईश्वरपुर-३ स्थित भक्तिपुर नट टोलका अरुण मिस्त्री, रामस्वरुप मिस्त्री, उमेश मिस्त्री र ध्रुव मिस्त्रीलाई दुम्सी सिकार गरी फर्किँदै गर्दा डिभिजन वन कार्यालयका कर्मचारीले पक्राउ गरेको छन्।

बुधबार राति ६ थान मरेको दुम्सीसहित सर्लाहीतर्फ जाँदै गर्दा लक्ष्मिनिया सर्लाहीका डिभिजनल वन अधिकृत सन्तोष झाले चेकजाँच गर्दा उनीहरु पक्राउ परेको डिभिजन वन कार्यालय महोत्तरीले जनाएको छ।

घरेलु हतियारसहित बा ८८ प ११६० र बा ५६ प २२४० नम्बरको मोटरसाइकलमा २ वटा प्लाष्टिकका बोराबाट ६ थान मरेको दुम्सी बरामद भएको डिभिजन वन कार्यालय महोत्तरीले जनाएको छ।

पक्राउ परेका दुवै मोटरसाइकललाई सब डिभिजन वन कार्यालय लक्ष्मीनियाँ र दुम्सीसहितका ४ जनालाई बर्दिवास-४ मा रहेको माइस्थानस्थित सशस्त्र वन सुरक्षा शाखाको हिरासतमा राखिएको छ।

दुम्सी आरक्षित वन्यजन्तु नभए पनि प्रक्रिया पूरा नगरी सिकार गरेकोले वन ऐन अनुसार मुद्दा चलाउने तयारी भइरहेको सब डिभिजन वन कार्यालय माइस्थानका प्रमुख कृष्णकुमार पटेलले जानकारी दिए।

## बाढी अपडेटः

# एघार घर बगे, सात घरमा क्षति

बाजुरा। बुधबार रातिको बाढीले यहाँको हिमाली गाउँपालिका-१ विच्छ्यामा ११ घर बगाएको छ।

विच्छ्या खोलामा बुधवार राति आएको बाढीले गाउँपालिकाको १,३ र ५ वडामा बढी क्षति गरेको हो। बाढीले ११ घर बगाएको, सात घरमा क्षति र १७ घर जोखिममा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक देवबहादुर चौधरीले जानकारी दिनुभयो। उहाँकाअनुसार कवाडी प्रहरी चौकीको टोली बाढी प्रभावित क्षेत्रमा गएर तथ्याङ्क सङ्कलन गरेको हो। बाढीले सोही गाउँपालिका-१ का नरेन्द्रबहादुर जबैलाल थापा, धनबहादुर थापा, चन्द्रापति थापा, धर्मलाल थापा, बलचन्द्र थापाको घर जोखिममा छन्। स्थानीय उने थापा, लालसिंह बोहरा, डिलबहादुर थापा, हरिलाल थापा, भउरलाल थापा, चन्द्रवान थापा, रत्नपति थापा, गोबनल थापा, धर्मजीत थापा र लक्ष्मण थापाको घर पनि बाढीका कारण उच्च जोखिममा छन्।

बाढीले सरकारी कार्यालय, विद्यालय र सार्वजनिक संरचनासमेतमा क्षति पुगेको छ। १ नम्बर वडा कार्यालय, विच्छ्या मावि, स्वास्थ्य चौकी, स्थानीय विद्युत लाइन् झोलुङ्गे पुल, नेटा र देउसैनको पानी



बुढा, छञ्चलाल थापा, धनसिंह थापा, सब्बले थापा, लालबहादुर थापा, सुजलाल थापा, गोवतल थापाको घर, पसल र खेतबारीमा क्षति पुगेको छ। सोही गाउँपालिका-५ का नवराज बुढा, देवीलाल चदारा, विरवल चदारा, अजय चदारा, हिउँसरा ल्वार, अङ्गविर चदाराको घर बगाएको प्रहरी निरीक्षक चौधरीले जानकारी दिनुभयो। त्यसैगरी बलबहादुर चदारा, मुगा लुहार, देबीलाल बुढथापा, वीरभान लुहार र डवल लुहारको घर बगाएर लगेका प्रहरी निरीक्षक चौधरीको भनाइ छ।

बाढीका कारण हिमाली गाउँपालिका-१ का विच्छ्याका सुजलाल थापा, धनसिंह थापा, घट्टसमेत जोखिममा छन्।

बाढीले पु-याएको क्षतिको अवस्था अनुगमन गर्न गाउँपालिका अध्यक्ष गोविन्द्रबहादुर मल्ल नेतृत्वको टोली बाढी प्रभावित क्षेत्रमा पुगेको छ।

अध्यक्ष मल्लको टोलीले तीन वटै वडामा बाढीले पुर्याएको क्षतिको अवस्था र प्रभावितको अवस्था बुझ्न विच्छ्या गएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलबहादुर थापाले बताउनुभयो। बाढी प्रभावितलाई राहत र पुनःस्थापनाका लागि कार्यपालिका बैठक बसेर निर्णय गर्ने अध्यक्ष मल्लले बताउनुभयो।रासस

# पर्सा कारागारमा दरबन्दी छ, चिकित्सक छैनन्

वीरगञ्ज। जिल्ला कारागार पर्सामा एक जना चिकित्सकको दरबन्दी भए पनि वर्षौंदेखि त्यो रिक्त छ। कारागारमा सातौँ वा आठौँ तहको एक जना मेडिकल अधिकृतको दरबन्दी भए पनि हाल त्यहाँ एक जना 'हेल्थ असिस्टेन्ट' ले मात्रै स्वास्थ्य सेवा प्रवाह गर्दै आएका छन्। वीरगञ्ज कारागारमा वीरगञ्ज महानगर-२५ का राहुल साह तुरहाको गत मङ्गलबार व्यायाम गर्दा स्वास्थ्यमा जटिल समस्या भएर नारायणी अस्पतालमा उपचारको क्रममा मृत्यु भएपछि कारगारमा नियमित स्वास्थ्य परीक्षण एवं दरबन्दीअनुसार चिकित्सकको व्यवस्था हुनुपर्ने विषय सार्वजनिक भएको हो।

जिल्ला कारागार प्रमुख खिमराज भुसालले कारागार व्यवस्थापन विभागसमक्ष दरबन्दीअनुसारको मेडिकल अधिकृतको व्यवस्था गर्न पत्राचार गरेको बताउनुभयो। वीरगञ्ज कारागारमा स्वदेशी एवं विदेशी थुनुवा र कैदी गरी एक हजार ३१० जना छन्। कारागारमा महिला कैदी पाँच जना, महिला थुनुवा ४२ जना र दुई जना आश्रित बालिका छन्। विदेशी थुनुवा र कैदी १९९ जना छन्।

कारागार ऐन, २०७९ मा ५०० जनाभन्दा बढी बन्दी रहने प्रत्येक कारागारमा तोकिएबमोजिमको श्यया रहेको एउटा अस्पताल र सोभन्दा कम बन्दी रहने कारागारमा एउटा स्वास्थ्यचौकीको व्यवस्था गर्नुपर्ने व्यवस्था छ।रासस




# महोत्तरीमा ढिलो गरी सुरु भएको रोपाइँ ७० प्रतिशत पुग्यो



जलेश्वर। महोत्तरीमा यस वर्ष ढिलो गरी धान रोपाइँ सुरु भए पनि किसानले धमाधम रोपाइँ गरेपछि अहिले जिल्लाको ७० प्रतिशत जग्गामा धान रोपाइँ सम्पन्न भएको छ।

साउनको दोस्रो साता (साउन १५) बितिसक्दा पनि जिल्लामा पानी नपर्दा रोपाई सुरु नभई खडेरीको अवस्था सिर्जना भइसकेको अवस्थामा एक्कासी ३/४ दिनसम्म लगातार पानी परेपछि किसानले रोपाइँ सुरु गरेकामा अहिले जिल्लामा ७० प्रतिशत रोपाइँ सम्पन्न भइसकेको कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द रायले बताउनुभयो। जिल्लामा लामो समयसम्म पानी नपर्दा धान रोपाइँ गर्न नपाएका किसानहरु चिन्चित भइरहेको अवस्थामा प्रधानमन्त्री केपीशर्मा ओलीले गत साउन ९ गते जिल्लाको मटिहानी नगरपालिकामा पुल उद्धाटन र प्रसुति गृह उद्धाटन गर्न आउनुभएका बेला यस क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र घोषणा र तत्काल ५०० डीप बोर्डिङ्ग जडानका लागि सम्बन्धित निकायलाई आदेश दिएर जानुभएको थियो।

प्रधानमन्त्री ओलीले मधेश प्रदेशको खडेरीको अवस्थालाई हेलिकप्टरबाट निरीक्षणसमेत गरेर गएको एक सातापछि नै जिल्लामा पानी पर्न सुरु भएको थियो भने त्यसपछि यहाँका किसानले ढिलै भए पनि रोपाइँ सुरु गरेका थिए।

दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा कुल ७१ हजार ५७० हेक्टर खेतीयोग्य जग्गा रहेकामा ६४ हजार ९७७ हेक्टर जग्गामा खेती हुँदै आएको छ भने त्यसमध्ये यस वर्ष ४० हजार हेक्टर जग्गामा धानखेती हुने अनुमान गरिएको छ।

कृषि ज्ञान केन्द्रका प्रमुख रायका अनुसार जिल्लाको उत्तरी पश्चिमी क्षेत्रका किसानहरुले मोटर, डिजेल पम्प, नदीनाला, ईनार, कुवा र स्यालो ट्यूबेलको सहयोगमा यसअघि धेरैथोरै रोपाइँ गरे पनि जिल्लाभरि साउन १५ पछि पानी पर्दा मात्रै रोपाइँ भएको थियो।

कार्यालय प्रमुख रायले साउन १५ गतेसम्म पनि जिल्लामा पानी नपर्दा किसानले खेतमा लगाएको धानका बेर्ना बुढो भइसकेको अवस्थामा एक्कासी जिल्लामा ३/४ दिनसम्म परेको पानीले यहाँका किसानहरुका लागि वरदान सावित भएको थियो र किसानले धमाधम रोपाइँ गरेर अहिले ७० प्रतिशत जग्गामा धानबाली लगाइसकेको बताउनुभयो। जिल्लाका विभिन्न पालिकाका विभिन्न गाउँ टोलमा अझै पनि धान रोपाइँ जारी रहेकाले यो प्रतिशत अझै बढेर जाने कार्यालय उहाँले बताउनुभयो।

उहाँले यहाँका किसानहरुले भदैया, हर्दिनाथ, मुसलिम, कतरनी, बासमती जातका धानले खेत रोपाइँ गरेको बताउनुभयो। गत वर्ष समयमा पानी पर्दा जिल्लाको कुल ४२ हजार ५०० हेक्टर जग्गामा धानखेती गरिएकामा एक लाख ५० हजार ८०० मेट्रिक टन धान उत्पादन भएको थियो। यस वर्ष समयमा पानी नपर्दा धान उत्पादनमा ह्रास आउने कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ।रासस

# भारतीय स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा वीरगञ्जमा 'कथाकली' नृत्य

वीरगञ्ज। भारतको ७९औं स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा वीरगञ्जमा बुधबार भारतीय कला संस्कृति झल्किने 'कथाकली' नृत्य प्रस्तुत गरिएको छ। काठमाडौँस्थित भारतीय दूतावास र भारतको महावाणिज्य दूतावास वीरगञ्जको आयोजनामा बुधबार बेलुका यहाँ नृत्य प्रस्तुत गरिएको छ।

भारतको केरला राज्यमा निकै प्रख्यात मानिएको महाभारतको कथामा आधारित कथाकली नृत्यु केरलाबाट आएका नौ जना कलाकारले प्रस्तुत गरेका थिए।यहाँ उपस्थित मधेस प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवालले नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धबारे चर्चा गर्नुभएको थियो। "नेपाल र भारतबीच सदियौंदेखि सांस्कृतिक र भावनात्मक सम्बन्ध रहँदै आइरहेको छ", उहाँले भन्नुभयो, "जसकारण दुवै मुलुकबीच सौहार्दपूर्ण सम्बन्ध रहँदै आइरहेको छ।

यसलाई थप सुदृढ गर्दै आपसी सद्भाव र सामजञ्यता कायम गर्न आवश्यक छ।"

वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंहले नेपाल र भारतबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउँदै लैजानुपर्ने बताउनुभयो। भारतको महावाणिज्य दूतावास वीरगञ्जका महावाणिज्यदूत देवी सहाय मिणाले भारत र नेपालबीच सदियौंदेखि सामाजिक र सांस्कृतिक सम्बन्ध कायम रहँदै बताउनुभयो।

"भारतीय स्वतन्त्रता आन्दोलनमा पनि नेपालका तर्फबाट उल्लेखनीय भूमिका निर्वाह गरिएको छ", उहाँले विगत स्मरण गर्दै भन्नुभयो, "दुवै मुलुकबीच भाइचारा र सांस्कृतिक आदानप्रदान हुँदै आइरहेको छ। यो निकै प्रशंसनीय कार्य हो। यस सम्बन्धलाई अझै प्रगाढ बनाउन भारत प्रतिबद्ध छ।"कार्यक्रम इन्डियन काउन्सिल फर कल्चरल रिलेसनको संयोजनमा भएको हो।रासस


**सर्लाही क्याम्पस**
**मलंगवा, सर्लाही**

**बोलपत्र आव्हानको सूचना**

प्रकाशित मितिः २०८२/०४/३०

यस क्याम्पसको भवन निर्माण सम्बन्धि बोलपत्र सूचना UGC/SC/W/NCB-01/2082/2083, http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागि यस क्याम्पसमा सम्पर्क राख्न् हुन तथा सम्बन्धित Website (http://bolpatra.gov.np/egp) एवं क्याम्पसको Website (http://sarlahicampus.edu.np) हेर्नु हुन जानकारी गराईन्छ।

**क्याम्पस प्रमुख**
**सर्लाही क्याम्पस**
**मलंगवा, सर्लाही**




**घर भाडामा**

(१) जनकपुरधाम उ.म.न.पा. वडा नं. ४, मुरली चौक निर्वाचन कार्यालय अगाडी पुर्व मुख मौहरा भएका दुई तल्ले घरको भुइ तल्लामा ९ वटा कोठा ग्यारेज र ३ वटा स्नान घर शौचालय भएको कम्पाउण्ड वाल भएको जमीन ढलान रहेको दुई र चार पाङ्ग्रे सवारी साधन राख्ने पार्किङ्ग सुविधा सहित बिजुली र पानीको छुट्टै व्यवस्था समेत रहेको घर बहालमा रहेको छ।

(२) जनकपुरधाम उ.म.न.पा. वडा नं. १८ महुवाको टावर निर हरलाखी जाने बाटो तर्फ १०० मी. दुरीमा ५ कट्ठा १० धुरमा दुवै तर्फ कम्पाउण्ड वाल भएको र उत्तर तर्फ १३ फिट सडकमै १३ वटा कोठा मंदिर समेत अति सुविधा सम्पन्न भएको घर बहालमा रहेकोछ।

उपरोक्त घरहरुमा विद्यालय, नर्सिङ्ग होम, सरकारी कार्यालय र ट्रेनिङ्ग सेन्टरको लागि उपयुक्त रहेको हुनाले घर भाडामा लिन इच्छुक महानुभावहरुले तलको सम्पर्क नं. मा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

**सम्पर्क नं.**
९७४४२०६०५५, ९८१७८१६६८५, ९८४४०२१९९५



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**


## सम्पादकीय

# संसदमा गणपुरक समस्या

प्रतिनिधिसभाको बैठकप्रति सांसदहरुको रुची कम हुन थालेको देखिन्छ। विशेष परिस्थिति बाहेक संसदमा सांसदहरुको संख्या सरदर कम नै रहने गरेको छ। कयौं पटक गणपुरक संख्या नपुग्दा संसदको बैठक स्थगित हुने गरेको छ। प्रतिनिधि सभामा प्रधानमन्त्री केपी शर्मा ओलीले बुधबार विशेष सम्बोधन गरेपछि सांसदहरु निस्केकाले गणपुरक संख्याको अभावमा बैठक नै स्थगित गर्नु परेको थियो। प्रतिनिधि सभामा गणपुरक संख्याका लागि ६९ जना सांसदको उपस्थिति रहनु पर्छ। तर सो संख्या नपुग्दा बैठक चल्न सक्दैन। प्रतिनिधि सभामा कुल २ सय ७५ जना सांसद छन्। ती मध्ये केही निलम्बनमा रहे पनि कुल संख्याको पच्चीस प्रतिशत संख्या पुगे मात्र संसद चल्न सक्छ। सांसदहरुले प्रतिनिधि सभाको बैठक रहेको दिन उपस्थितिमा हाजिर गरेपछि उनले पाउने सबै सुविधा प्राप्त गर्छन्। हाजिर गरिसकेपछि बैठकमा सहभागी हुनै पर्ने अनिवार्य व्यवस्था गरिएको छैन। संसदमा हाजिर गरेर हिड्ने धेरै सांसदहरु छन्। आफ्नो बोल्ने पालो अथवा विशेष परिस्थितिमा बाहेक सांसदहरु बैठकमा सहभागी हुन रुची देखाउन छाडेका छन्। हुन त कतिपय बेला बोल्ने समय आउँदा पनि सांसद अनुपस्थित रहेको देखिन्छ। जनप्रतिनिधिले छलफल गर्ने, कानुन बनाउने लगायतका अत्यन्त महत्वपूर्ण कार्य गर्ने सर्वोच्च निकाय हो। लोकतान्त्रिक व्यवस्थामा संसद सर्वाधिक शक्तिशाली निकाय पनि हो। जनताबाट प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रक्रियाबाट समेत गरी नेपालमा २ सय ७५ सदस्यीय प्रतिनिधि सभा रहेको छ। प्रतिनिधि सभामा देश र विदेशका विविध विषयमा छलफल गरिन्छ। हरेक विषयको छलफलमा सांसदहरुको सक्रिय सहभागिता हुनुपर्छ। तर हाजिर गरेरै बाहिरिने प्रवृत्तिले संसदमा गणपुरक संख्याको समस्या देखिने गरिन्छ। संसद बैठकमा सांसदहरुको उपस्थिति न्यून हुनुको कारण खोजिनु पर्छ। सांसदहरुलाई सक्रिय रुपमा सहभागी गराउन सभामुख र दलका नेताहरुले गम्भीर रुपमा ध्यान दिनुपर्छ। बैठकप्रति सांसदहरुको रुची कम हुन दिनु हुँदैन। बैठकलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक छ। संसदमा सांसदहरुको उपस्थितिलाई बाक्लो बनाउने हरसम्भव प्रयास हुनुपर्छ। प्रतिनिधि सभामा गणपुरक संख्या पुग्दा कारबाही चलाउन अप्ठ्यारो नहुने भए पनि त्यो अपेक्षित रुपमा प्रभावकारी नहुन सक्छ। कयौं विधेयक अथवा संशोधनमा गहन छलफल नहुँदा समस्या देखिएको छ। संसदमा सांसदहरुको भूमिका र प्रस्तुतिकरणलाई सर्वसधारणले निकालिरहेका हुन्छन्। संसद बैठकको हुने प्रत्यक्ष प्रशारणले सांसदहरुको सम्बोधन, उपस्थिति लगायतको भूमिकाको मुल्यांकन पनि मतदाताहरुले गर्ने भएकाले प्रतिनिधि सभामा प्रभावकारी रुपमा प्रस्तुत हुन सांसदहरुलाई आवश्यक छ। प्रतिनिधि सभामा हाजिर गरेर सुविधा लिने तर बैठकमा अनुपस्थित रहने प्रवृत्तिलाई बन्द गर्नुपर्छ।

## छिमेकी पहिला नीतिः

# प्रधानमन्त्री मोदीको एघार वर्षे कूटनीतिको 'यात्रा र उपलब्धि'



अनिल तिवारी

सन् २०१४ मा प्रधानमन्त्री नरेन्द्र मोदीले पहिलो पटक भारतको सत्ता सम्हाल्ने बित्तिकै आफ्नो विदेश नीति अन्तर्गत छिमेकी पहिला -नाइबोअरहुड फष्ट) विदेश नितिको दुरदर्शी दृष्टिकोणको घोषणा गर्नुभयो। यस नीति अन्तर्गत भारतले आफ्ना छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई प्राथमिकतामा राख्दै तिनको सुरक्षा, स्थिरता र समृद्धि एवम विकासका लागि ठोस कदम चाल्ने प्रतिबद्धता जनायो।त्यपछि मोदी भारतको सत्तामा मादी सरकार निरन्तर अगाडि बढदै गएको छ। मोदी कार्यकालको प्रारम्भिक क्षण देखि नै यस नीति अनुसार नै बिदेश निति व्यवहारमा उतारिएको छ। जसको प्रत्यक्ष प्रमाण, पहिलो पटक आयोजित शपथग्रहण समारोहमानै छिमेकी मुलुकका नेताहरूलाई आमन्त्रण गर्नु हो।

मोदी सरकारले छिमेकीहरूसँग भारतका सम्बन्धलाई प्राथमिकता दिएकै कारण सदैव उनीहरूको सुरक्षा, स्थिरता, कल्याण र समृद्धिका लागि भारतको समर्थन र सद्भावनाको प्रतिबद्धता जनाउदै आएको छ।प्रधानमन्त्री मोदीले पहिलो पटक प्रधानमन्त्रीको रुपमा २६ मई २०१४ मा लिदा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का मुलुकहरू (अफगानिस्तान, बंगलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका) का नेताहरू र मोरिससका प्रधानमन्त्रीलाई निमन्त्रणा गरे र छिमेकीसंगको विश्वास निर्माण र द्विपक्षीय सम्बन्धहरू मजबुत बनाउन सबै अतिथि नेताहरूसँग भेटघाट समेत गर्नुभयो।

जसनितिलाई दोश्रो कार्यकालमा अघि बढाउँदै, प्रधानमन्त्री मोदीले बंगालको खाडी बहु-क्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोग पहल (बिम्स्टेक) का मुलुकहरू (बंगलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलंका, थाइल्यान्ड) का सबै नेताहरू, मोरिससका प्रधानमन्त्री र किर्गिस्तानका राष्ट्रपति (त्यतिबेला मध्य एशियाली मुलुकहरूको अनौपचारिक संयोजक) लाई आफ्नो दोस्रो कार्यकालको शपथग्रहण समारोहमा निम्त्याउनु भयो। ९ जुन २०२४ मा तेस्रो कार्यकालको शपथग्रहण समारोहमा निमन्त्रणा पाउनेहरूमा छिमेकी मुलुकका नेतासँगै सेसेल्स पनि सहभागी भयो, जुन २०१५ मा प्रधानमन्त्री मोदीले सुरु गरेको सागर (क्षेत्रमा सबैका लागि सुरक्षा र विकास) पहल अन्तर्गत भारतको समुद्री साझेदार हो।

यी पहल मार्फत प्रधानमन्त्री मोदीले द्विपक्षीय सम्बन्धहरूलाई विश्वास र सहयोगको उच्च स्तरमा लैजाने प्रयास गरेका छन्। उनले २०१४ जुनमा आफ्नो पहिलो विदेश यात्राका लागि भुटानलाई रोज्दै अघि बढाउनु भयो। भुटानी संसदको संयुक्त अधिवेशनलाई सम्बोधन गर्दै भारतको विकासबाट नै छिमेकिको समृद्धि अगाडि बढने कुरामा जोड दिनु भयो। भुटानी संसदमा प्रधानमन्त्री मोदीले भने, "यदि भारत समृद्ध हुन्छ भने सम्पूर्ण यो क्षेत्र, विशेषत: सार्क मुलुकहरू लाभान्वित हुनेछन्। मात्र बलियो र समृद्ध भारतले आफ्ना छिमेकीहरूको समस्या घटाउन मद्दत गर्न सक्छ।"


त्यसपछि, २०१४ अगस्टमा, प्रधानमन्त्री मोदीले नेपाल भ्रमण गर्दै संविधानसभालाई सम्बोधन गर्ने पहिलो विदेशी नेता हुनुभयो। उहाले नेपालका प्रयासहरूमा भारतको समर्थन र सहयोगको आश्वासन दिदै नेपालले भारतलाई बिजुली आपूर्ति गरेर विकसित राष्ट्र बन्ने ,आफ्नो प्रबल इच्छा प्रकट गर्नुभयो।

२७ सेप्टेम्बर २०१४ मा संयुक्त राष्ट्र महासभालाई सम्बोधन गर्दै उहाले भन्नुभयो, "भारत आफ्नो विकासका लागि शान्त र स्थिर वातावरण अपेक्षा गदर्छ। हाम्रो भविष्य , छिमेकसँग गाँसिएको छ। त्यसैले मेरो सरकारले पहिलो दिनदेखि नै छिमेकी मुलुकहरूसँग मैत्री र सहयोग प्रवर्द्धनलाई उच्च प्राथमिकता दिएको छ।" पाकिस्तानका सन्दर्भमा पनि उनले यही नीति दोहोऱ्याउँदै भारत आतंकवादको छायाबाट मुक्त, शान्त वातावरणमा पाकिस्तानसँग गम्भीर द्विपक्षीय वार्ता गर्न तयार छ, तर पाकिस्तानले पनि वार्ताको लागि उपयुक्त वातावरण बनाउन गम्भीरतापूर्वक जिम्मेवारी लिनुपर्छ।

बितेको ११ वर्षमा प्रधानमन्त्री मोदीको सरकारले असंख्य विकासकार्य, पहल र परियोजना मार्फत "छिमेकी पहिला" नीति कार्यान्वयन गर्न प्रयास गरेका छन्। २०१४ अगस्टमा भएको उनको नेपाल यात्रा, १७ वर्षपछि कुनै भारतीय प्रधानमन्त्रीको पहिलो द्विपक्षीय नेपाल भ्रमण थियो। त्यसपछि उहाँले २०१४ नोभेम्बर, २०१८ मई, २०१९ अगस्ट र २०२२ मइमा गरी नेपालको चार पटक यात्रा गर्नुभयो।जुन यसभन्दा पहिलाका कुनैपनि प्रधानमन्त्रीले यस अघी यती भ्रमण गरेका थिएनन।

यी सबै यात्राको उद्देश्य द्विपक्षीय साझेदारीलाई उच्च स्तरमा पुऱ्याउनु नै हो। सन् २०१५ मार्चमा आएको विनाशकारी भूकम्प, २०२३ को जाजरकोट भूकम्प र २०२४ को बाढी तथा पहिरोमा भारतले नेपाललाई अतुलनीय सहयोग गर्ने पहिलो छिमेकी नै हो।

श्रीलंकामा ३० वर्षपछि २०१५ मार्चमा मोदीको द्विपक्षीय भ्रमण भयो। राष्ट्रपति अनुरा कुमार दिसानायकेको नेतृत्वमा बनेको जनता विमुक्ति पेरमुना सरकार पछि उनी त्यहाँको पहिलो विदेशी नेता थिए। साथै, भारतले २०२२ को गम्भीर आर्थिक संकटबाट पार लगाउन श्रीलंकालाई ४.५ अर्ब अमेरिकी डलर बराबरको आर्थिक सहयोग प्रदान गऱ्यो। त्यसपछि श्रीलंकाका नवनिर्वाचित राष्ट्रपति अनुरा कुमार दिसानायकेको पहिलो विदेश यात्रा भारतमा भयो, र उनले मोदीलाई सेप्टेम्बर २०२४ मा चुनाव जितेपछि श्रीलंका आउने पहिलो विदेशी नेता बन्न निमन्त्रणा दिए।



भारतले माल्दिभ्सका राष्ट्रपति मुइज्जुलाई जुन २०२४ मा मोदीको शपथग्रहण समारोह र अक्टोबर २०२५ मा राजकीय भ्रमणका लागि निमन्त्रणा गऱ्यो। भारतले माल्दिभ्सलाई आर्थिक संकटबाट उबराउन उदार सहयोग प्रदान गऱ्यो। यसकै कारण जुलाई २०२५ मा माल्दिभ्सको ६०औं स्वतन्त्रता दिवस समारोहमा मुख्य अतिथि रूपमा मोदीको यात्रा सम्भव भयो। श्रीलंका र माल्दिभ्सका नेताहरूले खुलेर भनेका छन् कि उनीहरूको भूमि भारतको सुरक्षा विरुद्ध प्रयोग हुन दिने छैनन्।

पाकिस्तानका सन्दर्भमा, भारतले स्पष्ट भनेको छ कि "आतंकवाद र वार्ता सँगै चल्न सक्दैनन्।" सामान्य सम्बन्धका लागि पाकिस्तानले भारत विरुद्धको आतंकवादको समर्थन पूर्ण रूपमा त्याग्नुपर्छ। अझैसम्म पाकिस्तानको नीतिमा ठोस परिवर्तन आएको छैन।

अगस्ट २०२१ मा अफगानिस्तानमा तालिबान सत्तामा आएपछि पनि भारतले कोभिड-१९ खोप, औषधि र ४०,००० टन गहुँ पठाएर अफगान जनतालाई सहयोग गरेको छ।

केही चुनौतीहरू अझै बाँकी छन्,जस्तै बंगलादेशको स्थिति, जहाँ एक वर्षअघि घरेलु विरोधका कारण पूर्व प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट हटाइयो। भारतलाई विश्वास छ कि रणनीतिक धैर्यता र सद्भावनाबाट निकट भविष्यमा निर्वाचित सरकार आए पछि सम्बन्ध सामान्य अवस्थामा फर्कनेछ।

आर्थिक तथा वाणिज्यिक सहयोग, संस्कृति, धार्मिक पर्यटन, विकास साझेदारी आदि क्षेत्रमा सबै छिमेकीहरूसँग भारतका विशेष द्विपक्षीय परियोजना संचालित छन्। साथै, प्राकृतिक वा मानव निर्मित विपत्तिका समयमा भारतले छिमेकीहरूको मद्दत गर्दै आएको छ।

यस क्रममा, भारतले आफ्नो वरिष्ठ नागरिकको खोप अभियान सुरु गरेलगत्तै छिमेकीहरूसँग कोभिड-१९ खोप बाँडेकै हो। सबैगरेर भारतले ३० करोड भन्दा बढी खोपको मात्रा, ठूलो परिमाणको औषधि र चिकित्सा उपकरण १०० भन्दा बढी मुलुकलाई सहयोगको रुपमा बाँड्यो, जसमा सबै छिमेकी मुलुकहरूलाई निःशुल्क सहयोग गरेको थियो।

आफ्नो कार्यकालको सुरुवातमै मोदीले सार्क मुलुकका जनतालाई आर्थिक र सांस्कृतिक विकासमा मद्दत गर्न उपग्रह प्रक्षेपणको विचार अघि सार्नुभयो।

प्रधानमन्त्री मोदीले "वसुधैव कुटुम्बकम" (पूरा विश्व एउटा परिवार हो) को दर्शनमा आधारित भएर छिमेकी मुलुकहरूसँग बलियो सम्बन्ध बनाउन स्पष्ट दृष्टिकोण अपनाउदै आउनु भएको छ। उहाको सरकारले छिमेकीहरूसँग सम्बन्ध सुधार्न साहसी, रचनात्मक र दृढसंकल्पित बिदेश नितिलाई प्रतिपादित गर्दै आएको छ।

यही नितिअनुसार भारतले "छिमेकी पहिलो" नीतिको सफलता हो कि आजका अधिकांश छिमेकीहरूसँगको सम्बन्ध २०१४ मा मोदीले पदभार सम्हालेको समयको तुलनामा धेरै प्रगाढ बन्दै गएको छ।

प्रधानमन्त्री मोदीको यो नीति मात्र कूटनीतिक नारा नभई ठोस कार्यदिशा हो,यो सहकार्य र विश्वास निर्माणको निरन्तर यात्रा पनि हो। यस नीतिले भारतलाई दक्षिण एसिया र छिमेकी मुलुकहरूसँगको सम्बन्धमा स्थिरता, पारदर्शिता र विश्वासको नयाँ उच्चाइमा पुऱ्याएको छ। क्षेत्रीय विकास र सुरक्षा सुदृढीकरणको यस मोडेलले भविष्यमा पनि दक्षिण एसियाली सहकार्यलाई बलियो आधार दिने निश्चित छ।

# नेपालका मुल संकटहरु - भ्रष्टाचार, बेरोजगारी, अस्थिरता, सेवामा कमजोरी, र शिक्षामा गिरावट - सबैको मूल जड नै नैतिकताको अभाव



प्रेमचन्द्र झा

नैतिकता भन्नाले सच्चा कुरा बोल्नु, राम्रो व्यवहार गर्नु, गलत काम नगर्नु, अरूको सम्मान गर्नु, इमानदार हुनु र आफ्नो कर्तव्य पुरा गर्नु नै नैतिकता हो। यो कुनै किताबमा मात्र लेखिएको कुरा होइन, हाम्रो जीवनको हरेक पाटोमा लागू हुने व्यवहार हो। हामी कुन कुरालाई राम्रो र कुन कुरालाई नराम्रो मान्छौं भन्ने कुरा पनि नैतिकताको आधारमा तय हुन्छ। नेपाल जस्तो विविधताले भरिएको देशमा, जहाँ विभिन्न जात, धर्म, भाषा र संस्कृतिका मानिसहरू एउटै समाजमा बस्छन्, त्यहाँ नैतिकता झनै महत्वपूर्ण हुन्छ। जब व्यक्ति, परिवार, समाज, संस्था, र राज्य सबैमा नैतिकता हुन्छ, तब मात्र एउटा सभ्य, समृद्ध र न्याययुक्त देश बन्न सक्छ।

तर अहिलेको समयमा नेपालमा नैतिकताको स्थिति कमजोर हुँदै गएको छ। मानिसहरू पैसा, पद, पहुँच र व्यक्तिगत फाइदाको पछि लागेर नैतिक मूल्य भुल्दै गएका छन्। राजनीति, प्रशासन, शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, कृषि, सेवा सबै क्षेत्रमा अनैतिकता बढ्दो छ। यस्तो अवस्थामा नैतिकता के हो, कसरी हराउँदै गइरहेको छ, र कसरी पुनःस्थापना गर्न सकिन्छ भन्ने बारे गहिरो रूपमा बुझ्नु आजको आवश्यकता हो।

नैतिकता भनेको आत्मभान हो–आफ्नो व्यवहार, निर्णय र सोचमा के सही हो, के गलत हो भन्ने छुट्याउने चेतना। नैतिकता कुनै कानून होइन, तर यसले कानुनभन्दा गहिरो असर पार्छ। जसको मनभित्र नैतिकता हुन्छ, उसले कसैले नहेर्दा पनि राम्रो काम गर्छ, झूट बोल्दैन, चोरी गर्दैन, अरूलाई दुख नदिई आफ्नो काम गर्छ। नैतिकता जीवनका धेरै पक्षसँग जोडिएको हुन्छ–जस्तै सत्यता, ईमानदारी, सहिष्णुता, कर्तव्यबोध, करुणा, अनुशासन, जिम्मेवारी, आत्मसंयम, सेवा भावना, र पारदर्शिता। जब यी गुणहरू व्यक्ति र संस्थामा हुन्छन्, तब नै समाज न्यायपूर्ण र सुरक्षित हुन्छ।

नेपालमा सबैभन्दा बढी नैतिकताको प्रश्न राजनीति क्षेत्रमा उठाइन्छ। नेताहरूले चुनावमा जनतालाई अनेक वाचा गर्छन्–तर सरकार बनेपछि ती वाचा बिर्सिन्छन्। पदको दुरुपयोग, भ्रष्टाचार, आपसी लडाइँ, भागबन्डा र पहुँचको राजनीति आज नेपाली राजनीतिमा सामान्य बनिसकेको छ। कतिपय नेताहरू जनताको सेवा गर्नुको सट्टा सत्तामा टिकिरहन, आफन्त र कार्यकर्तालाई लाभ दिन, र आफू धनी बन्न राजनीति गर्छन्। दलहरूले घोषणा पत्रमा जे लेख्छन्, व्यवहारमा त्यो देखिँदैन। संसद जस्तो उच्च निकायमा पनि विचारभन्दा शक्ति प्रदर्शन बढी देखिन्छ।

राजनीतिमा नैतिकता भन्नाले सत्ताको लोभ नलिने, जनतासँग गरेको वाचा पुरा गर्ने, सार्वजनिक सम्पत्तिलाई आफ्नो सम्पत्ति नठान्ने, पारदर्शी निर्णय गर्ने, भ्रष्टाचार नगर्ने, र राष्ट्रहितलाई प्राथमिकता दिने–यिनै हुन् राजनीतिक नैतिकताको मूल तत्व। जब नेताहरू नैतिक हुन्छन्, तब मात्र जनताले पनि राजनीतिलाई सम्मान गर्न थाल्छन्।

सरकारी कर्मचारीहरूलाई प्रायः "जनताको सेवक" भनिन्छ। तर आजको यथार्थ त्यो भन्दा धेरै टाढा छ। सरकारी कार्यालयमा काम गराउन जानु भनेको घण्टौं कुर्नु, फाइल खोज्नु, सिफारिस ल्याउनु, र कहिलेकाहीं घूस खुवाउनु भन्ने बुझिन्छ। धेरैजसो कर्मचारीहरू काममा ढिलो पुग्छन्, समयमै फाइल नहेर्छन्, सेवाग्राहीलाई हेलचेक्र्याइँ गर्छन्। कतिपयले त ठूला नेतासँगको सम्बन्ध देखाएर गैरकानुनी काम गरिदिन्छन्। सरकारी योजना, अनुदान, ठेक्कापट्टा, भर्ना, सरुवा आदि सबैमा पारदर्शिता नभएको गुनासो सर्वत्र सुनिन्छ। राष्ट्रसेवक कर्मचारीहरूमा कार्यक्षमता, समयपालन, निष्पक्षता, उत्तरदायित्व, सेवा भावना, इमानदारी, र कर्तव्यप्रति निष्ठा हुन जरुरी छ। जब कर्मचारीहरू आफ्नो कामलाई धर्म सम्झेर गर्छन्, तब जनताले पनि सरकारी सेवा प्रति भरोसा राख्न थाल्छन्।

महिला समाजको आधा हिस्सा हुन्। उनीहरू घर, समाज र राष्ट्रको विकासमा समान रूपमा महत्वपूर्ण छन्। तर लामो समयसम्म महिलालाई दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार गरिएको इतिहास छ। पछिल्ला वर्षहरूमा शिक्षा, रोजगार, राजनीति, र कानुनी अधिकारमा प्रगति भए पनि व्यवहारिक रूपमा महिला अझै पनि धेरै समस्यामा छन्। केही महिला सशक्त भए पनि अवसरको दुरुपयोग, पहुँच र राजनैतिक संलग्नताका कारण अनैतिक गतिविधिमा पनि संलग्न भएको पाइन्छ। कतिपय महिलाले योजनाको नाममा लाभ लिने तर काम नगर्ने, संगठित रूपमा दबाब दिने, पदको दुरुपयोग गर्ने गरेका उदाहरण पनि छन्। महिलामा आत्मसम्मान, पारिवारिक जिम्मेवारी, सामाजिक न्यायमा विश्वास, ईमानदारी, र सहिष्णुता हुन जरुरी छ। महिला सशक्तीकरण केवल कानुनी अधिकारले मात्र होइन, नैतिक जिम्मेवारीले पनि पूर्ण हुन्छ।

विद्यार्थीहरू राष्ट्रको भविष्य हुन् भन्ने भनाइ सबैले सुनिसकेका छन्। तर आजका विद्यार्थीहरू राजनीतिक दलका समर्थक भएर आफू पढ्न भन्दा बढी अरूलाई दबाब दिने काममा लागेका छन्। शिक्षण संस्था भित्र हड्ताल, तोडफोड, गुरु-शिष्य सम्बन्धमा गिरावट, नकल, अनुशासनहीनता आदिले नैतिक मूल्य खस्किरहेको देखिन्छ। शिक्षा भनेको केवल किताबको ज्ञान होइन, जीवनको आचरण हो। विद्यार्थीमा समयको मूल्य बुझ्ने, इमानदारीपूर्वक अध्ययन गर्ने, शिक्षक र अभिभावकको सम्मान गर्ने, विचार र व्यवहारमा सन्तुलन राख्ने क्षमता विकास हुनु आवश्यक छ।

नेपालको ठूलो जनसंख्या कृषि पेशामा निर्भर छ। किसानहरू देशका मेरुदण्ड हुन् भन्ने कुरा सबैले भन्छन्, तर उनीहरूको अवस्था भने दिनदिनै कमजोर हुँदै गइरहेको छ। सरकारले घोषणा गर्ने अनुदान, सहुलियत ऋण, बीउबिजन र मलखाद समयमै किसानसम्म पुग्दैन। कतिपय अवस्थामा किसानहरू आफू उत्पादन गर्नुभन्दा पनि विदेशबाट आएको वस्तु उपभोग गर्न बाध्य छन्। केही किसानले अनुदानको दुरुपयोग गर्ने, झूटा कागजात बनाउने, सहकारीमा अनियमितता गर्ने जस्ता व्यवहार पनि देखिन्छ। यस्तो प्रवृत्तिले सबै किसानको नाम बदनाम हुन्छ। अर्कातर्फ, सरकारको कमजोरी र बजार व्यवस्थापनको अभावले गर्दा पनि किसानहरू हतोत्साहित भएका छन्। किसानमा इमानदारी, सहयोगी भावना, पारदर्शिता र मिसावटविहीन उत्पादन गर्नु अत्यावश्यक हुन्छ।

व्यापारीहरू समाजका आर्थिक इन्जिन हुन्। उनीहरूकै माध्यमबाट सामान, सेवा र उत्पादन जनतासम्म पुग्छ। तर आज नेपालमा व्यापारिक नैतिकता कमजोर हुँदै गएको छ। नाफा कमाउने लोभमा नापतौलमा बेइमानी, म्याद सकिएको सामान बेच्ने, गुणस्तरहीन उत्पादन, मिसावट, कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, कर नतिर्ने, सरकारी अनुगमन छल्ने जस्ता कार्यहरू देखिन्छन्। व्यापार केवल मुनाफाका लागि होइन, समाजप्रतिको उत्तरदायित्वसहितको पेशा हो। ग्राहक ठगेर कमाएको पैसा दीर्घकालीन हुँदैन। व्यापारीमा सत्य र पारदर्शी कारोबार, गुणस्तरको सम्मान, करको पालन, ग्राहकको सम्मानजस्ता गुण आवश्यक छन्।

नेपालमा विभिन्न पेशा गर्ने व्यक्तिहरू–जसमा डाक्टर, इन्जिनियर, पत्रकार, शिक्षकजस्ता सम्मानित व्यक्तिहरू छन्–तिनीहरूलाई समाजले ठूलो आदर गर्छ। तर हालका दिनमा यिनै पेशामा पनि नैतिकताको गिरावट देखिँदै गएको छ। डाक्टरहरूमा करुणा, संवेदनशीलता, समयको कदर, र बिरामीप्रतिको सहानुभूति अत्यावश्यक छ। इन्जिनियरहरूमा गुणस्तरीयता, पारदर्शिता, प्राविधिक इमानदारी, र राष्ट्रप्रतिको जिम्मेवारी जरुरी छ। पत्रकारहरूमा सत्य, निष्पक्षता, स्रोतको गोपनीयता, र जनताको हितमा काम गर्ने भावना हुनुपर्छ। शिक्षकहरूमा आत्मबल, ज्ञानको निष्ठा, विद्यार्थीप्रतिको माया, र साँचो गुरु बन्ने भावना अनिवार्य छ।

आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको हो।आजको युग सञ्चारको युग हो। मिडिया र सामाजिक संजालको प्रभाव अहिलेको समाजमा अत्यन्त बलियो छ। सूचना, समाचार, विचार, बहस र चेतना जनतासम्म पुऱ्याउने काम यिनै माध्यमबाट हुन्छ। तर सूचना भन्दा अफवाह, सत्य भन्दा सनसनी, शिक्षाप्रद कुरा भन्दा विवादास्पद सामग्रीहरू बढी प्रस्तुत हुने क्रम बढेको छ। कुनै पनि विषयको पुष्टि नगरी समाचार बनाउने, वा सामाजिक संजालमा अफवाह फैलाउने काम बढ्दो छ। कतिपय मिडिया संस्थाहरू राजनीतिक स्वार्थमा काम गरिरहेका छन् भने कतिपय सामाजिक सञ्जाल प्रयोगकर्ताहरू अरूको चरित्र हत्या गर्न, जातीय घृणा फैलाउन वा झूठो समाचार फैलाउन सक्रिय देखिन्छन्।

> व्यापारीहरु समाजका आर्थिक इञ्जिन हुन्। उनीहरुकै माध्यमबाट सामान, सेवा र उत्पादन जनतासम्म पुग्छ। तर आज नेपालमा व्यापारिक नैतिकता कमजोर हुँदै गएको छ। नाफा कमाउने लोभमा नापतौलमा बेइमानी, म्याद सकिएको सामान बेच्ने, गुणस्तरहीन उत्पादन, मिसावट, कृत्रिम अभाव सिर्जना गर्ने, मूल्य बढाउने, कर नतिर्ने, सरकारी अनुगमन छल्ने जस्ता कार्यहरु देखिन्छन्। व्यापार केवल मुनाफाका लागि होइन, समाजप्रतिको उत्तरदायित्वसहितको पेशा हो। ग्राहक ठगेर कमाएको पैसा दीर्घकालीन हुँदैन। व्यापारीमा सत्य र पारदर्शी कारोबार, गुणस्तरको सम्मान, करको पालन, ग्राहकको सम्मानजस्ता गुण आवश्यक छन्।

संचार माध्यम र सामाजिक सञ्जालमा सत्य, विवेक, शिष्टता, र सहनशीलता हुनु अत्यावश्यक छ। जसरी कागजको समाचार विश्वासिलो हुनुपर्छ, त्यसैगरी डिजिटल पोस्ट पनि साँचो, प्रमाणमा आधारित र समाज हितमा हुनुपर्छ। अरूको गोपनीयता, आत्मसम्मान, र सामाजिक सद्भावलाई असर पुऱ्याउने कुनै पनि सूचना अनैतिक हुन्छ। त्यसैले मिडिया र सामाजिक संजाल प्रयोगकर्ताले आफू जिम्मेवार नागरिक भएको प्रमाण दिनुपर्छ।

हाम्रो समाजको आधार भनेको नागरिक नै हो। हरेक नागरिकले आफू जहाँ छ, जस्तो छ, त्यहीँबाट नैतिक व्यवहार गर्न सुरु गरे भने समाज बदलिन धेरै समय लाग्दैन। सार्वजनिक ठाउँमा फोहोर नगर्नु, लाइनमा पालो पालना गर्नु, कर तिर्नु, झूट नबोल्नु, सवारी नियम पालना गर्नु, सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु, छिमेकीसँग सहिष्णु व्यवहार गर्नु–यी सबै साधारण लाग्ने कामहरू नै हाम्रो नैतिकता हो।

कहिलेकाहीं हामी कानुन नलाग्ने ठाउँमा जानीजानी अनैतिक काम गर्छौं, जस्तो–पानी चोरेर सिंचाइ गर्नु, लोडसेडिङमा अनधिकृत लाइन जोड्नु, वा चाडपर्वमा मादक पदार्थ सेवन गरेर होहल्ला गर्नु। यस्ता व्यवहारले समाजको अनुशासन मात्र होइन, हाम्रो व्यक्तित्व पनि कमजोर पार्छ। नैतिक नागरिक बन्ने काम स्कूल, धर्म, समाज वा सरकारको मात्र जिम्मा होइन–व्यक्ति स्वयंको हो। सानैदेखि यो चेतना विकास गरे मात्रै दीर्घकालीन प्रभाव पर्छ।

नैतिकता समाजमा पुनःस्थापना गर्नका लागि धेरै उपायहरू अपनाउन सकिन्छ। पहिलो, हाम्रो शिक्षा प्रणालीमा नैतिक शिक्षा अनिवार्य हुनुपर्छ, बाल्यकालदेखि नै मूल्य-आधारित शिक्षा दिनुपर्छ। विद्यार्थीलाई केवल परीक्षा पास गर्ने होइन, राम्रो मानिस बन्ने शिक्षामा जोड दिनुपर्छ। दोस्रो, शिक्षक, अभिभावक र समाजले केवल उपदेश होइन, व्यवहारबाट उदाहरण देखाउनुपर्छ। तेस्रो, धार्मिक र सांस्कृतिक संस्थाहरूले मानवता र सदाचारको प्रचार गर्नुपर्छ, अन्धविश्वास होइन। चौथो, सामाजिक सञ्जालमा प्रयोगकर्तालाई सचेत बनाउने अभियानहरू चलाउनुपर्छ, जसले साइबर मर्यादा सिकाउँछ। पाँचौं, भ्रष्टाचार, अनियमितता, र पदको दुरुपयोग गर्नेलाई जुनसुकै तहको व्यक्ति भए पनि कानुनी रूपमा कडा कारबाही गरिनुपर्छ। छैठौं, सामुदायिक तहमा नैतिक बहस, गोष्ठी, नाटक, चित्रकला, कविता, लेखनजस्ता सृजनात्मक कार्यक्रमबाट चेतना फैलाउनु पर्छ। अन्तिममा, नैतिक व्यक्ति, संस्था वा नेतृत्वलाई सार्वजनिक रूपमा सम्मान गर्ने संस्कार बसाल्नुपर्छ, जसले समाजमा राम्रोको प्रेरणा दिन्छ।

नैतिकता भन्नु केवल आदर्श होइन, व्यवहार हो। यो हाम्रै बोली, चालचलन, सोच, कर्म, सम्बन्ध र जिम्मेवारीमा झल्किन्छ। जब मानिसहरूमा नैतिकता बलियो हुन्छ, तब समाज स्वतः सुरक्षित, न्यायपूर्ण र शान्त हुन्छ। तर जब नैतिकता कमजोर हुन्छ, तब कानुनले मात्र सबै कुरा रोक्न सक्दैन।

नेपालमा आज जुन संकटहरू छन्–भ्रष्टाचार, बेरोजगारी, राजनीतिक अस्थिरता, सेवा प्रवाहमा कमजोरी, शिक्षा र स्वास्थ्यमा गिरावट, सामाजिक असहिष्णुता–यी सबैको मूल कारण नै नैतिकताको कमी हो। जब व्यक्ति, संस्था, र राज्य नैतिक बन्छ, तब कानुन, नीति, योजना र विकास स्वाभाविक रूपमा सफल हुन्छन्।

त्यसैले अब समय आएको छ कि हामी सबै–राजनीतिज्ञ, कर्मचारी, महिला, विद्यार्थी, किसान, व्यापारी, पेशाकर्मी, मिडिया, र सामान्य नागरिक–आ-आफ्नो ठाउँबाट नैतिकता अभ्यासमा लागौं। त्यसैबाट मात्रै साँचो परिवर्तन सम्भव हुन्छ। व्यक्तिको आत्मा शुद्ध भए समाज स्वतः सबल हुन्छ। अनि मात्र राष्ट्र बन्न सक्छ–न्याययुक्त, समावेशी, स्वाभिमानी र समृद्ध।

(झा ,प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य तथा नेपाल पत्रकार महासंघ रौतहट शाखाका पुर्व अध्यक्ष हुन।

# कारागारको संरचना सुधार गर्नुपर्नेमा सांसदको जोड

काठमाण्डु । प्रतिनिधि सभाको विहिबारको बैठकमा सांसदहरुले विशेष समयमा बोल्दै समसामयिक विविध विषयमा आफ्ना धारणाहरु व्यक्त गर्नुभएको छ ।

नेपाली काँग्रेसका सांसद नारायणप्रकाश साउदले नेपालको कारागारमा क्षमताभन्दा दोब्बर कैदीबन्दी भएकाले भीडभाड, स्वास्थ्य जोखिम, हिंसात्मक घटना र मानव अधिकार उल्लङ्घनका समस्या बढेको बताउनुभयो ।

उहाँले कारागार व्यवस्थापन कार्यविधिको प्रभावकारी कार्यान्वयनमार्फत कैदीलाई केवल सजाय नभइ सुधार गरी समाजमा पुनःस्थापित गर्ने व्यवस्था हुनुपर्ने धारणा राख्नुभयो ।

सांसद साउदले कारागारलाई सुधारगृहको रूपमा रुपान्तरण गर्दै बन्दीहरूको सीप र क्षमतालाई मुलुकको उत्पादनसँग जोड्ने, खुला कारागार वा सामुदायिक सेवामा संलग्न हुने अवसर दिने र पुनःसामाजिकीकरणका लागि प्रभावकारी कार्यक्रम ल्याउन आवश्यक रहेको बताउनुभयो । "क्षमताअनुसार संरचना निर्माण, स्वास्थ्य सेवा, स्वच्छता, पौष्टिक आहार र मानसिक स्वास्थ्य कार्यक्रमको सुनिश्चितता गर्नुपर्छ," उहाँले भन्नुभयो ।

नेकपा एमालेकी सुनिता बरालले संविधान जारी भएको १० वर्ष बितिसक्दा पनि त्यससँग सम्बन्धित धेरै कानुन निर्माण हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "साझा विषयमा एक भएर अघि बढ्नुपर्नेमा छलफल र आलोचनात्मक चेतको साटो गालीगलौजमा सीमित भइरहेका छौँ ।" उहाँले कानुन निर्माण र विकास निर्माणका विषयमा सधैँ पक्ष-प्रतिपक्षको टकराव मात्र हुने हो भने कल्पना गरेको समृद्ध नेपालको सपना पूरा हुन कठिन हुने बताउनुभयो ।

नेकपा माओवादी केन्द्रका वर्षमान पुनले सरकारको बेथितिका कारण जनमानसमा निराशा फैलिएको आरोप लगाउनुभयो । उहाँले अर्थतन्त्रमा पनि आशाअनुरुप सुधार हुन नसकेको टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, "मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकमध्ये ७४ प्रतिशत विदेश पलायन हुने सरकारी तथ्याङ्क छ ।

अर्थतन्त्रका वास्तविक सूचकाङ्कमा सुधार देखिएको छैन । बैंकमा लगानी योग्य खर्बौं रुपैयाँ थुप्रिएको छ, तर



उद्योगी-व्यवसायीले ऋण लिएर व्यवसाय विस्तार गर्न चाहिरहेका छैनन् ।" उहाँले आयात गरिएको मल समेत वितरण हुन नसकेको र मल नपाएका किसानको पीडा सुन्दा सरकार मौन रहेकोप्रति प्रश्न गर्नुभयो ।

नेकपा एकीकृत समाजवादीका सांसद शेरबहादुर कुँवरले नेपालमा हवाई यात्रा असुरक्षित भएको बताउँदै पटक पटक हुने हवाई दुर्घटनाका बारेमा गहिरो अनुसन्धानको आवश्यकता औँल्याउनुभयो ।रासस


# मल आपूर्ति सहज बनाउने विषय उच्च प्राथमिकतामा छ : कृषि मन्त्री अधिकारी

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले मल आपूर्ति सहज बनाउने विषय उच्च प्राथमिकतामा रहेको बताउनुभएको छ । विहिबार प्रतिनिधिसभाको बैठकमा उहाँले मन्त्रालयको कार्यसम्पादनमध्ये प्रमुख कार्यदिशमा अनुदानमा वितरण गरिने रासायनिक मलको आपूर्ति व्यवस्थापन सहज बनाउने लक्ष्य रहेको बताउनुभयो ।

"मैले मन्त्रालयको कार्यभार सम्हालेको एक वर्षमा मल आपूर्तिमा उल्लेख्य सुधार भएको छभने आपूर्ति तथा वितरण व्यवस्था सहज बनाउन कानुनी एवं प्रक्रियागत सुधार भएका छन्," मन्त्री अधिकारीले भन्नुभयो, "यस अवधिमा बारम्बार टेण्डर फेल भई मल समयमा नआउने अवस्थालाई कम गर्न सार्वजनिक खरिद नियमावलीको १४औँ संशोधनबाट मल खरिदका लागि केही विशेष व्यवस्था थप गरिएको छ ।"उहाँका अनुसार हाल वार्षिक मलको माग करिब १३ लाख टन रहेको छ । चालु आव मा छ लाख टन आपूर्ति गर्ने सरकारको योजना रहेकाले भन्दै मन्त्री अधिकारीले मलमा अत्यधिक अनुदान रहेका कारण उपलब्ध बजेटले माग सम्बोधन हुने गरी मल ल्याउन नसकिएको बताउनुभयो ।

"अहिले युरियामा ८२ प्रतिशत, डिएपीमा ६४ प्रतिशत र पोटास मलमा ४९ प्रतिशत अनुदान रहेको छ । खरिद गरी ल्याइने ९० प्रतिशत मल वैज्ञानिक आधारमा जहाँ बढी खपत हुन्छ त्यही बढी आपूर्ति गरिने गरी प्रदेश सरकारमार्फत वितरण गरिने व्यवस्था मिलाइएको हुन्छ," उहाँले भन्नुभयो, "खेतीयोग्य जमिन, सिँचाइ सुविधाको अवस्था, बाली सघनता, विगतमा मलको खपतको अवस्था र हाल माग भएको परिमाणको आधारमा प्रदेशको कोटा तोकिन्छ । बाँकी १० प्रतिशत बफर स्टकको रूपमा राखिन्छ र त्यो पनि प्रदेश मल व्यवस्थापन समितिको सिफारिसको आधारमा मन्त्रालयले बाँडफाँड गर्छ । यसरी प्रदेशमा कोटा छुट्याइएको मल सोही आधारमा स्थानीय तहहरूलाई कोटा तोकिन्छ ।"

उहाँका अनुसार देशभरका ६४ वटा मल डिपोहरूबाट ११ हजारभन्दा बढी डिलरशिप लिएका सहकारी तथा एग्रोभेट र निजी फर्मले मल बुझी लगेर कृषकलाई बिक्री वितरण गर्ने गर्दछन् । अहिले पनि दैनिक करिब दुई हजारदेखि दुई हजार ५०० मेट्रिकटन मल डिलरले डिपोबाट बुझिरहेका छन् ।




मन्त्री अधिकारीले सार्वजनिक खरिद ऐन, २०६३ का केही व्यवस्था मल खरिदको हकमा अव्यावहारिक देखिएको सन्दर्भमा उक्त ऐनका केही प्रावधान परिमार्जनका लागि पहल गरिएको जानकारी दिनुभयो ।अब मल खरिद एवम् वितरणसम्बन्धी सम्पूर्ण प्रक्रियाको अनलाइन अनुगमन गर्न सकिने, प्रदेश र स्थानीय तहका सम्बन्धित पदाधिकारीलाई कार्यविधि र मल व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयनबारे प्रत्यक्ष र भर्चुअलमाध्यमबाट अभिमुखीकरण सुरु गरिएको उहाँको भनाइ छ ।

"यस वर्ष हामीले कूल चार लाख ९१ हजार मेट्रिकटन मल आयात गरेका छौँ जुन अहिलेसम्मकै उच्च हो । त्यसैगरी मन्त्रालयलाई प्राप्त मल अनुदानको बजेट पहिलो पटक लगभग सबै (रु २७ अर्ब ३६ करोडमध्ये २६ अर्ब ८३ करोड) खर्च भएको छ, जुन ९८ प्रतिशत हुन आउँछ । तर किसानको मागअनुसारको रासायनिक मल उपलब्ध हुन नसकेको अवस्था विद्यमान छ," मन्त्री अधिकारीले भन्नुभयो, "यस आवका लागि गत आवमै अर्थ मन्त्रालयबाट स्रोत सहमति लिएर तीन लाख टनका लागि टेण्डर भइसकेको छ । यतिबेला डिएपी र पोटास मलको आपूर्तिको अवस्था राम्रो रहे पनि युरिया आपूर्तिको अवस्था केही कमजोर छ ।"पछिल्लो दुई दशकमा मलको माग तीन गुणाभन्दा बढीले वृद्धि भएकाले व्यवसायिक कृषिको विस्तारसँगै मलको खपत बढेको र हाइब्रिड मकै तथा हाइब्रिड धानको खेती बढेसँगै मलको खपत र मागमा अत्यधिक वृद्धि भएको उहाँले जानकारी दिनुभयो ।

"खाद्य सुरक्षाको दृष्टिले महत्त्वपूर्ण मानिएका धान, गहुँ र मकैजस्ता बालीका लागि अनुदानको मल लक्षित गरिएको भए पनि आजकल चिया, उखु, केरा, मत्स्यपालन आदिका लागि मलको उच्च माग रहेको छ । त्यसैगरी घाँस र जङ्गलको निगुरोसमेतमा रासायनिक मल प्रयोग हुने गरेको छ," मन्त्री अधिकारीले भन्नुभयो, "अर्कोतर्फ, केही समयअघिको इजरायल-इरान युद्धका कारण कम्तिमा आठ वटा मल कारखाना ध्वस्त भएको र त्यसले विश्व मल आपूर्ति श्रृङ्खलामा असर पुगेको छ ।

साथै, ठूलो मल उत्पादक देशले पनि मल निर्यातलाई कसिलो पारेका छन् र प्राकृतिक ग्याँसको मूल्य वृद्धिलगायतका कारण अन्तरराष्ट्रिय बजारमा मलको मूल्यमा उच्च वृद्धि भइरहेको छ ।"

उहाँका अनुसार गत वर्ष ४२० डलर प्रतिटनको हाराहारी रहेको युरिया मलको अन्तरराष्ट्रिय बजार मूल्य अहिले ६०० डलर नाघेको छ ।आगामी दिनमा मलको मूल्य अझै बढ्न सक्ने र अन्तरराष्ट्रिय बजारमा मलको आपूर्ति नै कम हुन सक्ने आँकलन भइरहेकाले मलको सहज आपूर्ति चुनौतीपूर्ण देखिएको मन्त्री अधिकारीको भनाइ छ ।मन्त्रालयले मलको दिगो आपूर्ति र वितरण व्यवस्थापन एवम् प्राङ्गारिक कृषि अभियानको रणनीति तथा कार्ययोजनाको खाका तयार गरिरहेको उहाँले जानकारी दिनुभयो ।

**विश्वविद्यालयलाई सुरक्षित र मर्यादित बनाउन सांसदको माग**

सङ्घीय संसद् प्रतिनिधि सभाको विहिबारको बैठकमा सांसदहरुले विभिन्न समसामयिक विषयमा ध्यानाकर्षण गराएका छन् । शून्य समयमा सांसदहरुले सर्पदंश, मानव तस्करी, लम्पी स्किन, शैक्षिक गुणस्तरलगायतका विषयमा आफ्ना धारणा राखेका हुन् ।

सांसद विद्या भट्टराईले त्रिभुवन विश्वविद्यालयमा उच्च शिक्षाका विद्यार्थीबाट भएको तोडफोड गैरकानुनी र निन्दनीय रहेकाले विश्वविद्यालयलाई सुरक्षित, मर्यादित र प्राज्ञिक वातावरण बनाउन र दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउनुभयो ।सांसद मीना तामाङले काभ्रेको पाँचखाल नगरपालिका-७, ८, ९ र १० मा मानव तस्करले गरिबीको बहानामा ललाइफकाइ गर्दै अङ्ग बेच्न बाध्य बनाएको बताउँदै तस्कर नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मेटमणी चौधरीले सर्पदंश रोकथामकालागि गढवा गाउँपालिका-७ दाङ देउखुरीमा सर्पदंश उपचार केन्द्र स्थापना भएपनि दक्ष जनशक्ति र संरचनाको अभावमा सञ्चालन हुन नसकेको बताउनुभयो । उहाँले दक्ष जनशक्ति र आइसियू र भेन्टिलेटरको सुविधा माग गर्नुभयो ।सांसद मैना कार्कीले तराईमा खाद्यान्नजस्तै धान, गहुँ, तरकारी आदिमा र पहाडमा फलफूलको अर्गानिक क्षेत्र बनाउन सकिने धारणा राख्नुभयो ।

सांसद योगेन्द्र मण्डलले हाँडी जातिलाई माझीको पहिचान दिन माग गर्नुभयो । सांसद रणकुमारी बलम्पाकी मगरले शैक्षिक सुधार अपरिहार्य भएकाले यसलाई गुणस्तरीय र रोजगारमुखी बनाउनुपर्ने बताउनुभयो ।सांसद राजेन्द्रकुमार केसीले लम्पी स्किनको उपचार भनेकै खोप दिनुपर्ने भएकाले केन्द्रीय सरकारले खोपको उपलब्धता गराउनुपर्ने माग राख्नुभयो ।

सांसद रमा कोइराला पौड्यालले चालु आर्थिक वर्षमा प्रदूषण मापनका लागि आधुनिक प्रविधि प्रयोग गरिने, यातायात प्रणालीलाई वातावरणमैत्री बनाउन विद्युतीय बस थप्नेलगायतका योजनाहरुको विवरण माग गर्नुभयो । सांसद मेनकाकुमारी पोखरेल, सांसद रञ्जुकुमारी झा, सांसद रणेन्द्र बराली, सांसद लालप्रसाद सावा लिम्बु, सांसद मंगलप्रसाद गुप्ता, सांसद रमा कोइराला पौड्याल, सांसदरेखा शर्मा, सांसद रुपा शोशी चौधरी र सांसद रुक्मिणी राना बराइलीले आफ्ना धारणा संसद्मा राख्नुभयो ।

**किसानलाई मल उपलब्ध गराउन सांसदद्वारा सरकारको ध्यानकर्षण**

सङ्घीय संसद् प्रतिनिधिसभाको बैठकमा किसानले मलको हाहाकार झेलिरहेकाले यथाशीघ्र उपलब्ध गराउन सांसदहरुले ध्यानाकर्षण गराएका छन् ।

शून्य समयमा आफ्ना धारणा राख्दै सांसदहरुले रोपाइँको समयमा पनि मल उपलब्ध हुन नसक्दा किसान मारमा परेकाले सो विषयमा सम्बोधन हुनुपर्नेमा जोड दिएका हुन् ।सांसद भिमप्रसाद आचार्यले भन्नुभयो, "दुःख गरेर बाली लगाएकामा मलको अभाव छ । खडेरीको मारमा थिए किसान अहिले मलको अभाव झेलिरहेका छन् । हरेक वर्ष मल अभाव किन हुन्छ ? समयमा यसको व्यवस्थापन किन गरिँदैन ? यसको सम्बोधन हुनुपर्छ ।रासस

# काठमाडौँ तराई / मधेस द्रूतमार्ग आयोजना : ४३ प्रतिशत काम सम्पन्न



काठमाण्डु । रक्षामन्त्री मानवीर राईलेस्थानीयवासीकोभावनाअनुसार काठमाडौँ तराई/मधेस द्रूतमार्ग आयोजनाअन्तर्गत खोकना क्षेत्रको जग्गा प्राप्तिमा प्रक्रियाअघि बढाइने स्पष्ट पार्नुभएको छ । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको विहिबारको बैठकमा उहाँले द्रूतमार्ग अन्तर्गत उपत्यकाबाहिर जग्गा अधिग्रहण सम्पन्न भइसकेकाले खोकना क्षेत्रमा पनि सहमति गरेरै अघि बढ्ने योजना रहेको सुनाउनुभयो ।

"जनताको आवाज सुन्नुपर्छ भन्नेमा सरकार र नेपाली सेना स्पष्ट छ, केही सहमति गरेर टुङ्ग्याउन पाए हुन्थ्यो भन्ने छ", मन्त्री राईले भन्नुभयो, "छलफबाटै समाधान निकालौँ भनेर सरकार बसिरहेको छ, तर खोकनाको जग्गा सम्बन्धमा अझै केही अफवाह फैलाइएको छ, त्यस्तो होइन ।" काठमाडौँ उपत्यकाबाहेक निजगढसम्म जग्गा प्राप्ति भइसकेको जानकारी दिँदै उहाँले खोकना क्षेत्रमा करिब ३७ प्रतिशत जग्गा अधिग्रहण गर्नुपर्ने बताउनुभयो । "खोकना क्षेत्रमा जग्गा प्राप्तिका लागि आन्तरिक छलफल गरिएको छ", उहाँले भन्नुभयो ।

निर्धारित समयमै द्रूतमार्ग आयोजना सम्पन्न गर्ने उद्देश्यका साथ काम अघि बढिरहेको स्पष्ट पार्दै मन्त्री राईले भन्नुभयो, "निर्धारित मिति नआइकन आयोजना सम्पन्न हुँदैन भन्न त नमिल्ला, तर सो समयमा सक्न निकै कठिन छ, तर मेलम्ची आयोजना जति चै लम्बिँदैन ।"

खाँदबारी-किमाथाङ्का सडकको ट्र्याक खोल्नेकार्य सम्पन्न भएको जानकारी दिँदै उहाँले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा सो सडक चिनियाँ सहयोगमा कालोपत्रे गर्ने बारेमा छलफल हुने बताउनुभयो । हुम्लाको सिमकोट राष्ट्रिय सडक सञ्जालमा जोडिएको उल्लेख गर्दै उहाँले सेनाको जिम्मेवारीमा रहेका आयोजनाको प्रगति गर्व गर्न लायक रहेको स्पष्ट पार्नुभयो ।

प्रधान सेनापति अशोकराज सिग्देलले निर्धारित समयभित्रै द्रूतमार्ग आयोजना सम्पन्न गर्न सेना प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । "अहिले करिब ४३ प्रतिशत काम सम्पन्न भइसकेको छ, अब हुने काम छिटो सकिने खालका छन्", उहाँले भन्नुभयो, "धेरै काम वातावरणीय प्रभाव मूल्याङ्कन र बोलप आह्वानमा खर्च भएको छ, आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान भए परियोजना निर्धारित समयमै सम्पन्न हुन्छ ।"

प्रधान सेनापति सिग्देलले द्रूतमार्गको काठमाडौँतर्फको प्रवेश विन्दुका रुपमा रहेका खोकना क्षेत्रको सांस्कृतिक पक्षलाई जोगाएर आयोजना अघि बढाउने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको स्पष्ट पार्नुभयो । "यदि खोकना प्रवेश विन्दुमा आउन नसकेको अवस्थामा पनि बिकल्प तयार गरिएको छ", उहाँले भन्नुभयो, "प्रवेश बिन्दुमा सवारी साधन कसरी प्रवेश गर्ने र निस्कने भन्ने उपाय खोजिएको छ ।"

सांसदहरुले रणनीतिक महत्वको द्रूतमार्ग आयोजना निर्धारित समयभित्रै सम्पन्न गर्नुपर्ने, आयोजना निर्माणमा देखिएको समस्या समाधान गर्न सरकाले पहल गर्नुपर्नेमा जोड दिनुभयो ।रासस


## Government of Madhesh Province
## Ministry of Education And Culture
## Ministry Of Education And Culture
## Janakpur Dham (Dhanusha)

# Invitation for Electronic Bids

**First Date of publication: 15 August 2025**

1. The Ministry Of Education And Culture invites electronic bids from Nepalese eligible bidders for the Construction Of Building under National Competitive Bidding procedures. Details project are as in table below.

| S. N | Name Of Project | Contract ID: | Cost of Bid Docum ent Nrs. | Estimated cost Amount inc. Vat and PS NRS. | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | MANRA SISBA NA PA-9 SHREE BHAI GA LU MA BI BATHNAHAKO ADHURO BHAWAN TATHA FURNITURE | MOEC/ WORKS/NCB/ 2082-083/4 | 3000 | 9660672. 16 | NRS.215000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents Ministry Of Education And Culture Janakpurdham, Dhanusha.
3. Bidding documents can be only downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents Rs. 3000.00.
   **Name of the Bank:** Rastriya Banijya Bank Ltd., Janakpurdham Dhanusha.
   A/C no. 1000100200010000, **Office Code No.** 3500017012
   **Name of Office:** Ministry Of Education and Culture, **Revenue Sirsak No.** 14229
   **Bid Security deposit in the following bank**
   **Name of the Bank:** Rastriya Banijay Bank, Janakpurdham.
   **Name of Office:** Pradesh Lekha Niyantrak Karyalay Madhesh Province, Janakpurdham
   **Office Account no.** 1220100202030000
5. Electronic Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 Hour 14-09-2025
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hour on 14-09-2025 in Ministry Of Education And Culture Janakpurdham, Dhanusha, Nepal. Bids must be valid for a period of 90 days after opening and must be accompanied by a bid security mentioned above which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the Ministry Of Education And Culture Office Janakpurdham, Dhanusha reserves the right to amend and correct at any time.
9. Ministry Of Education And Culture Office Janakpurdham, Dhanusha, reserves the right to accept or reject the bids without assigning any reason whatsoever.
10. For further details, please visit www.bolpatra.gov.np.

# जापान र चीनले फरक मितिमा दोस्रो विश्वयुद्धको वार्षिकोत्सव मनाउँछन्

एपी

बेन्क्सी । दोस्रो विश्वयुद्ध समाप्त भएको ८० वर्षपछि, जापान र चीनले वार्षिकोत्सवलाई प्रमुख कार्यक्रमहरूसहित मनाइरहेका छन्, तर फरक मितिमा र फरक तरिकाले ।जापानले अगस्ट १५ मा एक गम्भीर समारोहमा पीडितहरूलाई सम्झना गर्छ। उक्त दिन तत्कालीन सम्राट हिरोहितोले सरकारले आत्मसमर्पण गरेको रेडियो सन्देशमा घोषणा गर्नुभएको थियो।



अर्कोतर्फ चीनले सेप्टेम्बर ३ मा टोकियो खाडीमा अमेरिकी युद्धपोतमा औपचारिक आत्मसमर्पण गरेको भोलिपल्ट परेडका साथ आफ्नो सैन्य शक्ति प्रदर्शन गर्दछ ।जापानले दोस्रो विश्वयुद्ध अघि र त्यस समयमा विनाशकारी र क्रूर आक्रमणमा चीनको धेरै भाग कब्जा गरेको थियो, जसमा केही अनुमान अनुसार दुई करोड मानिस मारिएका थिए । युद्धकालको अनुभवले आज पनि दुई देशबीचको सम्बन्धलाई समस्यामा राखेको छ।

चिनियाँ सहर बेन्क्सीको एउटा सङ्ग्रहालयले जापान विरोधी प्रतिरोध लडाकूहरूको सङ्घर्षलाई उजागर गर्छ । तिनीहरूले उत्तरपूर्वी भू-भाग (तत्कालीन मन्चुरिया भनिने) मा कठोर जाडोमा काठको झुप्रोमा लुकेर बसे र त्यसपछि रूसमा गएर शरण लिएका थिए।

सोभियत सङ्घले जापानविरुद्ध युद्धको घोषणा गरेपछि र सन् १९४५ अगस्ट ९ मा मन्चुरियामा आक्रमण सुरु गरेपछि मात्र तिनीहरू फर्किए । त्यही दिन अमेरिकाले नागासाकीमा आणविक बम खसाल्यो- जसले जापानलाई आत्मसमर्पण गर्न थप दबाब दियो।

आजकल, चीनको सेना नै चिन्ताको कारण बनेको छ किनभने यसले प्रशान्त महासागरमा सरकारका क्षेत्रीय दाबीहरूलाई लागू गर्न खोजिरहेको छ । जब जापानले खतराको सामना गर्न आफ्नो रक्षा निर्माण गर्ने कुरा गर्छ, यसको सैन्यवादी विगतले चीनलाई सुविधाजनक जवाफ दिन्छ।

"हामी जापानलाई आफ्नो ऐतिहासिक अपराधमा गहिरो चिन्तन गर्न, इतिहासबाट इमानदारीपूर्वक पाठ सिक्न र क्षेत्रीय तनाव र चीन सम्बन्धी मुद्दाहरूको हल्ला मच्चाएर आफ्नो सैन्य विस्तारको वास्तविक उद्देश्य लुकाउन बन्द गर्न आग्रह गर्दछौं", चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले गत महिना भन्नुभयो।

**जापानको आत्मसमर्पण प्रसारण**

हिरोहितोको सन् १९४५ अगस्ट १५ मा पूर्व रेकर्ड गरिएको आत्मसमर्पण प्रसारण धेरै जापानीका लागि बुझिन नसक्ने थियो । उहाँले रहस्यमय भाषा प्रयोग गर्नुभयो र ध्वनिको गुणस्तर खराब थियो।
इतिहासकारहरूका अनुसार सन्देश सम्राट आफैँबाट आएको थियो भन्ने महत्त्वपूर्ण कुरा थियो । हिरोहितोलाई जीवित देवता मानिन्थ्यो र युद्ध उहाँकै नाममा लडिएको थियो । धेरै जापानीले पहिले कहिल्यै उहाँको आवाज सुनेका थिएनन्।

"यो भाषणले गलत युद्धको अन्त्य गर्न के आवश्यक थियो भन्ने कुराको सम्झना गराउँछ", निहोन विश्वविद्यालयका प्राध्यापक ताकाहिसा फुरुकावाले सन् २०१५ मा एपीलाई भन्नुभयो ।वर्तमान सम्राट, हिरोहितोका नाति नारुहितो र प्रधानमन्त्रीले अगस्ट १५ मा टोकियोमा हुने वार्षिक समारोहमा सार्वजनिक प्रसारण एनएचकेद्वारा प्रत्यक्ष प्रसारण गरी टिप्पणी गर्ने तयारी गर्नुभएको छ।

गत वर्षको कार्यक्रममा, नारुहितोले युद्धको समयमा जापानको कार्यहरूप्रति गहिरो खेद व्यक्त गर्नुभयो। तर सोही दिन, जापानी मन्त्रिपरिषद्का तीनजना मन्त्रीले टोकियोको यासुकुनी मन्दिरको भ्रमण गर्नुभयो। जसको चीन र दक्षिण कोरियाले आलोचना गरे। चीन र दक्षिण कोरियाले यस मन्दिरलाई सैन्यवादको प्रतीकका रूपमा हेर्छन्।

**चीनले विजय दिवस मनाउछ**

जापानले सन् १९४५ सेप्टेम्बर २ मा अमेरिकी युद्धपोत युएसएस मिसौरीमा भएको समारोहमा आत्मसमर्पण गऱ्यो।

विदेशमन्त्रीले शीर्ष टोपी र पुच्छर लगाएर र सेनाका प्रमुखले हिरोहितोको तर्फबाट हस्ताक्षर गरे । अर्कोतर्फका हस्ताक्षरकर्ताहरू अमेरिकी जनरल डगलस म्याकआर्थर र जापानसँग लडेका चीन र अन्य राष्ट्रहरूका प्रतिनिधिहरू थिए ।चीनले अर्को दिन, सेप्टेम्बर ३ लाई विजय दिवसका रूपमा तोक्यो ।एघार वर्षअघि कम्युनिष्ट पार्टीले चीनले वार्षिकोत्सव कसरी मनाउँछ भन्ने कुरालाई अगाडि बढाएको थियो । राष्ट्रपति सी जिनपिङ सहित चीनका सबै शीर्ष नेताहरूले सेप्टेम्बर ३ मा स्मारक कार्यक्रममा भाग लिनुभयो।

युद्धकालीन इतिहासको परस्पर विरोधी व्याख्या र पूर्वी चीन सागरमा अझै पनि जारी क्षेत्रीय विवादलाई लिएर जापानसँग बढ्दो तनावको समयमा यो नयाँ ध्यान केन्द्रित गरिएको थियो ।अर्को वर्ष चीनले युद्ध समाप्तिको ७० औँ वार्षिकोत्सवमा सैन्य परेड आयोजना गऱ्यो ।एक दशकपछि, मिसाइल, ट्याङ्क र माथि लडाकू विमानहरूसहित अर्को भव्य परेडको तयारी भइरहेको छ। रूसी राष्ट्रपति भ्लादिमिर पुटिन उपस्थित हुने अपेक्षा गरिएकाहरूमध्ये एक हुनुहुन्छ।

# नेपाली क्रिकेट टोलीले अस्ट्रेलियामा पाँच अभ्यास खेल खेल्ने




काठमाण्डु । अस्ट्रेलियामा नेपाली राष्ट्रिय क्रिकेट टोलीले क्रिकेट एसिटी र साउथ अस्ट्रेलियासँग अभ्यास खेल खेल्ने भएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले विहिबार एक प्रेस विज्ञप्ती जारी गर्दै नेपालले आगामी भदौ १० देखि १४ गतेसम्म पाँच अभ्यास शृंखला खेल्ने जनाएको हो । नेपालले आगामी भदौ १० गते एसिटी तथा भदौ १२ गते साउथ अस्ट्रेलियासँग समान दुई दुई ट्वान्टी-२० खेल्नेछ। पहिलो खेल बिहान ४:४५ तथा दोस्रो खेल ९:४५ मा सुरु हुनेछ।

त्यसैगरी नेपालले भदौ १४ गते साउथ अस्ट्रेलियासँगै एकदिवसीय खेल खेल्ने तय छ। यो खेल बिहान ५:४५ मा सुरु हुने छ। यो अभ्यास शृंखला अघि नेपालले अस्ट्रेलियाको डार्बिनमा टप एन्ड टी-२० सिरिज पनि खेल्नेछ। उक्त सिरिज यही साउन २९ देखि भदौ ८ गतेसम्म हुँदैछ।

त्यहाँ नेपालले अस्ट्रेलियाको बिग ब्यास टोलीका एकेडेमी टोलीसहित पाकिस्तान र बङ्गलादेशको 'ए' टोलीसँग प्रतिस्पर्धा गर्नेछ। नेपाली टोलीले आगामी अक्टोबरमा ओमानमा हुने आइसिसी पुरूष टी-२० विश्वकप छनोटको तयारीस्वरूप उक्त खेल खेल्न लागेको हो ।रासस

# महिला लिग छनोट: पहिलो खेलमा छहारी क्लब विजयी

काठमाण्डु । अखिल नेपाल फुटबल सङ्घ (एन्फा)को आयोजनामा भएको एन्फा महिला लिग छनोटको उद्घाटन खेलमा छहारी युवा क्लब विजयी भएको छ।




सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) मुख्यालय मैदानमा विहिबार भएको खेलमा छहारी क्लबले एफसी रियल क्लबमाथि ३-० को जित दर्ता गराएको हो। भारी वर्षाबीच सम्पन्न समूह 'ए'को खेलमा छहारीले पहिलो हाफमा दुई गोल ग-यो भने दोस्रो हाफमा एक गोल थप्यो । वर्षाले प्रभावित भई खेल करिब ३० मिनेट रोकिएको थियो। निर्धारित समय सकिन दुई मिनेट बाँकी रहँदा मुख्य रेफ्री अञ्जना राईले खेल रोक्नुभएको थियो। जितसँगै छहारीले तीन अङ्क बटुलेको छ।

विभिन्न १४ टोली सहभागी उक्त छनोट प्रतियोगितामा उत्कृष्ट पाँच टोली एन्फा महिला लिगमा छनोट हुनेछ। सहभागी १४ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ।

जसमा समूह 'ए' मा चर्च ब्वाइज युनाइटेड, छहारी फुटबल क्लब, राप्ती एफसी, सिन्धुपाल्चोक एफसी, स्टुडेन्ट फुटबल क्लब, आरबी रिसोर्ट एन्ड बिच फुटबल तथा एफसी रियल छन्।

त्यसैगरी समूह 'बी'मा एनआरटी, सङ्कटा एफसी, बुटवल लुम्बिनी एफसी, एन्बिएम पोखरा गर्ल्स एफसी, झापा एफसी, लम्की फुटबल एन्ड ट्रेनिङ सेन्टर तथा नेपाल खेलकुद क्लब छन् ।रासस

# अलास्का: रुसी साम्राज्यवादी सम्झनाको स्रोत



एएफपी

मस्को । शुक्रबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीचको बैठकको आयोजना गर्ने अमेरिकी राज्य अलास्का, रुसमा साम्राज्यवादी पुरानो स्मृति र प्रायः कम गम्भीर क्षेत्रीय दावीको स्रोत हो।

सन् १८६७ मा रुसले संयुक्त राज्य अमेरिकालाई बेचेको क्षेत्र अब ती देशहरूको संलग्न इतिहासको प्रतीक बनेको छ। यी दुई मुलुकको सम्बन्ध सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण सुरु गरेदेखि गम्भीर रूपमा बिग्रिएको छ ।केही विज्ञहरूका लागि, अलास्कामा भएको शिखर सम्मेलनले शीतयुद्धको समयमा सोभियत सङ्घ र संयुक्त राज्य अमेरिकाबीचको सम्बन्ध सुधारको सम्झनाहरू जगाएको छ।

"यो शास्त्रीय रूपमा आयोजित शिखर सम्मेलन हो, डिटेन्टको युगजस्तै", रुसी राजनीतिक वैज्ञानिक फ्योदोर लुक्यानोभले भन्नुभयो, "यसको प्रतीकात्मक महत्त्व मध्यस्थकर्ताहरूको अनुपस्थिति होः शक्तिहरू, भन्नुपर्दा, आफैँका लागि निर्णय गर्छन्, चीन अलास्कासँग 'नजिक छैन' र युरोप 'सकेसम्म टाढा छ'।"

**फर व्यापारिक केन्द्र**

तर अद्वितीय भेटघाट स्थल हुनुभन्दा बाहेक, अलास्काले सोभियत सङ्घको ऐतिहासिक पूर्ववर्ती जारवादी साम्राज्यको रूसी सम्झनाहरूलाई पनि बढावा दिन्छ । "रूसका लागि अलास्का विस्तारको शिखरको प्रतीक हो", कार्नेगी रुस युरेसिया केन्द्रका वरिष्ठ फेलो अलेक्जान्डर बाउनोभले केन्द्रको वेबसाइटमा भन्नुभयो, "यो रूसी महाद्वीपीय साम्राज्यले युरोपेली साम्राज्यहरू जस्तै समुद्र पार गर्न सफल भएको एक मात्र समय थियो।"

अठारौँ शताब्दीदेखि रुसी उपनिवेश भएको अलास्कालाई अन्ततः सन् १८६७ मा जार अलेक्जान्डर द्वितीयले ७२ लाख डलरमा संयुक्त राज्य अमेरिकालाई बेचेका थिए ।दुर्गम क्षेत्र रूसीहरूका लागि आर्थिक रूपमा दोहन गर्न धेरै गाह्रो थियो र त्यस समयमा देश आर्थिक रूपमा सङ्घर्ष गरिरहेको बेला यसको बिक्रीलाई शाही दरबारले स्वागत गरेको थियो ।तर यस लेनदेनलाई पछि एक खेदजनक मोलतोलको रूपमा हेरिएको थियो जुन पहिले फर व्यापार केन्द्र थियो र महत्त्वपूर्ण प्राकृतिक स्रोतहरूः सुन र तेलको घर बनेको थियो।

**हाम्रा भालुहरू**

हालका वर्षहरूमा अलास्का बेचिएको मूल्य, जसलाई केहीले हास्यास्पद रूपमा कम मानेका छन्, र लेनदेनको कानूनी वैधता नियमित रूपमा रूसमा बहसका विषय बनेका छन्।
सन् २०२२ जुलाईमा, रूसमा देशभक्तिको जोशका बीचमा र युक्रेन विरुद्धको आक्रमणपछि मस्को र वासिङ्टनबीचको तनाव बढेपछि अलास्का मुद्दा फेरि उठेको थियो।

रुसी संसद्को तल्लो सदन ड्युमाका सभामुख व्याचेस्लाभ भोलोडिनले 'फिर्ता गर्नुपर्ने भूमि' को कुरा गर्दै अलास्कालाई 'विवादित क्षेत्र' भनेर वर्णन गर्नुभयो ।रूसका अधिकारीहरूले स्पष्ट रूपमा यसलाई फिर्ता दाबी गर्नमा चासो राखेका छैनन् ।सन् २०१४ मा, एक पेन्सनभोगीले सम्भावनाको बारेमा सोध्दा भ्लादिमिर पुटिनले जवाफ दिनुभयो, "मेरा प्रिय, तपाईंलाई अलास्का किन चाहिन्छ ? त्यो क्षेत्र 'धेरै चिसो' छ।"तैपनि, अलास्कालाई पुनः दाबी गर्ने विचार रुसी सामाजिक सञ्जालमा व्यापक रूपमा फैलिएका मिमहरूको अनन्त स्रोत हो।

सबैभन्दा प्रसिद्ध दाबीहरू मध्ये एउटा हो, "हाम्रो आत्माले अलास्का गुमाएकामा दुःख भोग्यो किनभने यो हाम्रो भालुहरू बस्ने ठाउँ हो ।"अलास्काको पुनः कब्जालाई पुटिनले मन पराउने रक ब्यान्ड ल्युबेको सन् १९९० को दशकको हिट गीतमा पनि उल्लेख गरिएको छ, जसका बोलहरू छन्, "बकवास गर्न छोड, अमेरिका... र हाम्रो अलास्कान भूमि फिर्ता देऊ।"

# मस्कको जितमा अन्तरिक्ष नियमहरू सजिलो बनाउन ट्रम्पको आदेश

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार आफ्ना पूर्व सल्लाहकार एलन मस्कलाई खुसी पार्ने सम्भावित कदममा केही वातावरणीय समीक्षाहरू हटाउनेसहित निजी अन्तरिक्ष उद्योगका लागि नियमहरू सजिलो बनाउने कार्यकारी आदेशमा हस्ताक्षर गर्नुभएको छ।

संयुक्त राज्य अमेरिकामा अन्तरिक्ष प्रक्षेपणको सङ्ख्या 'पर्याप्त रूपमा' बढाउने लक्ष्य राखेको कार्यकारी आदेशलाई वातावरणीय समूहले 'लापरवाह' भनेर वर्णन गरेको छ ।जनवरीमा ह्वाइट हाउस फर्केपछि, ट्रम्पले चन्द्रमा र मङ्गल ग्रहमा मानिस पठाउने लगायतका धेरै अन्तरिक्ष मिसनहरूबारे कुरा गर्नुभएको छ।

चन्द्रमा र मङ्गल मिसनहरूले मस्कको निजी कम्पनी स्पेसएक्सको विशाल स्टारसिप रकेटको सवारी लिने योजना छ ।यद्यपि स्टारसिपका धेरै असफलताहरू भएका छन्। यसको भर्खरैको नियमित परीक्षण जुनमा आगोमा विस्फोट भएर समाप्त भएको थियो ।स्पेसएक्सले विश्वव्यापी प्रक्षेपण बजारमा प्रभुत्व



जमाएको छ। यसको विभिन्न आकारका रकेटहरू गत वर्ष एक सय ३० भन्दा बढी पटक प्रक्षेपण भएको छ र यो सङ्ख्या ट्रम्पको कार्यकारी आदेशपछि बढ्ने देखिन्छ।

"सन् २०३० सम्ममा प्रतिस्पर्धात्मक प्रक्षेपण बजारलाई सक्षम बनाएर र व्यावसायिक अन्तरिक्ष प्रक्षेपण लयमा उल्लेखनीय वृद्धि गरेर अन्तरिक्षमा अमेरिकी महानता बढाउने संयुक्त राज्य अमेरिकाको नीति हो", आदेशमा भनिएको छ ।लामो समयदेखि अन्तरिक्ष उद्योगलाई नियन्त्रण मुक्त गर्न वकालत गर्दै आएका मस्कलाई यो परिवर्तनले राम्रो फाइदा पुऱ्याउन सक्छ। जुलाईमा जोडीको नाटकीय र सार्वजनिक झगडा हुनुअघि विश्वको सबैभन्दा धनी व्यक्ति ट्रम्प पहिले ट्रम्पको घनिष्ठ सल्लाहकार हुनुहुन्थ्यो।

कार्यकारी आदेशले यातायातमन्त्री सीन डफीलाई पनि आह्वान गरेको छ। उहाँ हस्ताक्षरमा उपस्थित हुनुहुन्थ्यो र हाल नासाका प्रशासक हुनुहुन्छ। उहाँले प्रक्षेपणका लागि यातायात मन्त्रालयको वातावरणीय समीक्षाहरू हटाउन वा छिटो गर्न आदेश जारी गरिएको बताउनुभयो ।इतिहासको सबैभन्दा ठूलो र शक्तिशाली रकेट स्टारसिप प्रक्षेपण हुने ठाउँहरूमा वातावरणीय प्रभावका लागि स्पेसएक्सको बारम्बार आलोचना भएको छ।

अमेरिकामा आधारित गैरनाफामूलक संस्था सेन्टर फर बायोलोजिकल डाइभर्सिटीले ट्रम्पको नयाँ कार्यकारी आदेशले 'संरक्षित वनस्पति र जनावरहरूको ठूलो विनाशका लागि मार्ग प्रशस्त गरेको' बताएको छ।"यो लापरवाह आदेशले निजी कम्पनीहरूले विशाल रकेटहरू प्रक्षेपण गर्दा मानिस र वन्यजन्तुहरूलाई जोखिममा पार्छ जुन प्रायः विस्फोट हुन्छ र वरपरका क्षेत्रहरूमा विनाश गर्दछ", केन्द्रका जारेड मार्गोलिसले एक विज्ञप्तिमा भन्नुभयो।

मङ्गल ग्रहलाई उपनिवेश बनाउने मस्कको सपना स्टारसिपको सफलतामा निर्भर छ र स्पेसएक्सले 'छिटो असफल हुने, छिटो सिक्ने' सिद्धान्तले अन्ततः सफल हुनेछ भनेर शर्त लगाएको छ ।बढ्दो फ्रिक्वेन्सीले वातावरणमा प्रतिकूल असर पार्दैन भन्दै सङ्घीय उड्डयन प्रशासनले मे महिनाको सुरुमा वार्षिक स्टारसिप रकेट प्रक्षेपण पाँचबाट बढाएर २५ पुऱ्याउन स्वीकृति दिएको छ।

# भारतले राष्ट्रमण्डल खेलकुद आयोजनाका लागि दाबी गर्ने




एएफपी

नयाँदिल्ली । भारतले सन् २०३० को राष्ट्रमण्डल खेल आयोजनाका लागि दाबी गर्ने बताएको छ। यसलाई सन् २०३६ को ओलम्पिक आयोजना गर्न क्रिकेट प्रेमी भारतले गरेको व्यापक दबाबको एक भागका रूपमा हेरिएको छ।

"हाम्रो तयारी अगाडि बढ्नेछ", स्थानीय सञ्चारमाध्यमका अनुसार भारतीय ओलम्पिक सङ्घ (आइओए) का अध्यक्ष पिटी उषाले बुधबारको बैठकपछि भन्नुभयो।

राजधानी नयाँदिल्लीले सन् २०१० को राष्ट्रमण्डल खेलकुदको आयोजना गरेको थियो । उक्त आयोजना निर्माण ढिलाइ, कमजोर पूर्वाधार र भ्रष्टाचारको आरोपले चिह्नित थियो र अहिले सोही सहरलाई आयोजक सहरका रूपमा विचार भइरहेको छ ।पूर्वी राज्य ओडिसाको भुवनेश्वर अर्को विकल्प हो ।तर भारतीय मिडियाले प्रधानमन्त्री नरेन्द्र मोदीको गृहराज्य गुजरातको प्रमुख सहर अहमदाबादबारे जानकारी दिइरहेका छन्।

यस सहरमा एक लाख ३० हजार सिट क्षमताको रङ्गशाला छ, जुन विश्वको सबैभन्दा ठूलो क्रिकेट स्टेडियम हो । यसको नाम मोदीको नाममा राखिएको छ । यसले सन् २०२३ क्रिकेट विश्वकप फाइनल आयोजना गरेको थियो ।भारतले गत वर्ष सन् २०३६ को खेलकुद आयोजना गर्न अन्तर्राष्ट्रिय ओलम्पिक समितिमा औपचारिक आशय पत्र पेश गरेको थियो।

भारतले दुईपटक क्रिकेट र एसियाली खेलकुदका लागि विश्वकप आयोजना गरेको छ र सेप्टेम्बरमा महिला विश्वकप क्रिकेटको सह-आयोजना गर्नेछ ।नाइजेरिया र कम्तीमा दुई अन्य राष्ट्रले राष्ट्रमण्डल खेलकुद आयोजना गर्न चासो देखाएको रिपोर्ट छ । अस्ट्रेलियाको भिक्टोरिया राज्यले लागत उल्लेख गरेर राष्ट्रमण्डल खेलकुद आयोजकबाट नाम फिर्ता लिएपछि सन् २०२६ का लागि प्रतिस्थापन आयोजक खोज्न सङ्घर्ष गरेको थियो।

ग्लासगोले हस्तक्षेप गऱ्यो र घटाइएको संस्करण आयोजना गर्नेछ ।आइओएको अनुमोदनपछि, भारतसँग औपचारिक दाबी पेश गर्न अगस्टको अन्त्यसम्म समय छ ।निर्णय नोभेम्बरमाग्लासगोमा लिइनेछ।भारतले दाबी जितेको अवस्थमा राष्ट्रमण्डल खेलकुद 'पूर्ण-विकसित' कार्यक्रम हुने बताएको छ।

"हामीसँग राम्रो भएका सबै खेलहरू हुनेछन् र अधिकतम पदक जित्ने मौका हुनेछ", टाइम्स अफ इन्डिया अखबारका अनुसार आइओएका कार्यकारी परिषद्का सदस्य रोहित राजपालले भन्नुभयो ।यसमा कबड्डी र खो खो जस्ता ट्याग-टाइप खेलहरू समावेश हुनेछन्, जसलाई भारतले ओलम्पिकमा समावेश गर्न दबाब दिइरहेको छ ।आफ्नो एक अर्ब ४० करोड जनसङ्ख्या भए पनि ओलम्पिकमा भारतको रेकर्ड यसको आकारको देशका लागि कमजोर छ । ओलम्पिकको इतिहासमा भारतले केवल १० स्वर्ण पदक जितेको छ।

# सङ्कटमा कुसुन्डा परिवार, सरकारसँग संरक्षणको आस’


गोरखा । अचेल किसानलाई माना रोपेर मुरी उब्जाउने चटारो छ। कोही धान रोपाइँमा, कोही कोदो रोपाइँमा त कोही मकै भित्र्याउनमा व्यस्त । गोरखा नगरपालिका-११ तेह्रकिलो बजारभन्दा दुई कान्ला तल सानो टहरोमा बस्ने ५५ वर्षीय चेतबहादुर कुसुन्डालाई भने न रोपाइँको ध्याउन्न, न त बारीमा मकै सुक्ला भन्ने पीर ।

आफूजस्तै दिनरात श्रम गरेर खाने दौँतरीसँग उहाँको समय बित्छ । लोपोन्मुख भनेर चिनिने कुसुन्डा जातिको गोरखामा एउटा मात्रै घर छ। चेतबहादुर छिमेकीले दिएको तीन आना जग्गामा एकपाखे घर बनाएर आफ्ना दुई छोरा, बुहारी र नातिनातिनीसँग बस्नुहुन्छ। सम्पत्तिको नाममा घरले चर्चेको यही जग्गा हो उहाँको । त्यसले असार, साउन आए पो के, कात्तिक, मङ्सिर आए पो के !

“योभन्दा बाहेक टेक्ने जग्गा पनि छैन । सम्पत्ति भने पनि जे भने पनि यही अरूले दिएको जग्गा हो। यसैमा सरकारले बनाइदिएको सानो घर र दुईचारवटा कुखुरा छन् । कुखुरा पनि थुनेर पाल्छौँ। नत्र अरूको जग्गामा गइहाल्छन्”, कुसुन्डाले भन्नुभयो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुसुन्डा समुदायको जनसङ्ख्या २५६ मात्रै छ । यसैमा पर्छ चेतबहादुरको आठ सदस्यीय परिवार । उहाँको परिवार विगत ४५ वर्षदेखि गोनपा-११ स्थित तेह्रकिलोमा बसोबास गर्दै हो । विसं २०३८ मा आफ्नी आमा सुमित्रा वनकीरानी कुसुन्डासँग तेह्रकिलो आएको चेतबहादुरलाई हिजै हो जस्तो लाग्छ । उहाँ आफू ११ वर्षको हुँदा पालुङटारको खोप्लाङबाट झिटीझाम्टो बोकेर तेह्रकिलो आएको सम्झना सुनाउनुहुन्छ। “१० वर्षको हुँदा बा बिते, भोकले लखतरान हुँदै जुठो बारेको याद छ । बा’को काजकिरिया सकेपछि आमाले खोप्लाङमा भएको झिटी आठ हजारमा बेचेर यहाँ आएका हौँ”, चेतबहादुरले भन्नुभयो, “यहाँ पनि बिरालोले बच्चा सारेजस्तो, कहिले यता, कहिले उता । सायद यो तेह्रकिलो बजारमा हामी नबसेको घरै छैन । अब अरूको घरमा भाडा गरेर बसेपछि ‘छोड्दे, अन्तै जा’भनेपछि जानै पर्‍यो !” आमा सुमित्रा वनकिरानीले आफू र दुई छोरीलाई कहिले यता, कहिले उता सारेको कष्टकर दिनको सम्झिँदा चेतबहादुर अहिले पनि गम्भीर बन्नुहुन्छ । दिदीबहिनी दुवैले तेह्रकिलोबजारमा बिहे गरेकाले आफूहरू पनि दिदीबहिनी नजिकै बस्न आएको उहाँले सुनाउनुभयो। “दुवै जनाले क्षेत्रीसँग बिहे गरे। दिदीको बुढा ड्राइभर थिए, हामी पनि दिदीकै रेखदेखमा यही बस्न आयौँ। यहाँ आएको केही समय म पनि भेनाकै पछि लागेर खलासीको काम गरेँ”, चेतबहादुरले भन्नुभयो।

खोप्लाङ छोडेर तेह्रकिलो झरेको केही समयपछि आफूहरू नवलपरासी पनि पुगेको उहाँले बताउनुभयो। “यहाँ बस्न आएको केही समयपछि आमाले कताबाट त्यहाँ सरकारी जग्गा मिल्छ भन्ने सुनेछन् । हामी आमाछोरा नै जग्गा पाउने आसमा त्यही गयौँ। जग्गा त केको मिल्थ्यो बरु उल्टै दुःख मिल्यो। आमाले अरूको घरमा काम गर्थिन्। सानो झुप्रो हालेर बसेका थियौँ । मलाई भने त्यहाँ खासै बस्न मन लागेन अनि एक वर्षपछि तेह्रकिलोमै फर्किएँ । आमा पनि म यहाँ आएको केही वर्षपछि फर्किइन्”, चेतबहादुरले भन्नुभयो।



उहाँले २०-२२ वर्षको उमेरमा नजिकै पन्ध्रकिलो बस्ने कमला घर्तीसँग बिहे गर्नुभयो। बिहेपछि दुईपटक कतार र एक पटक साउदी पनि पुग्नुभयो। उहाँका दुई भाइछोरा र एक छोरी छन्। जेठो छोरो ३२ वर्षीय अनिल कुसुन्डा हाल ड्राइभर हुनुहुन्छ । अनिलले भच्चेककी बिमाया गुरुङसँग बिहे गर्नुभएको छ। उहाँको दुईभाइ छोरा छन्।

छोरी अनिता कुसुन्डाले तेह्रकिलोमै बिहे गर्नुभएको छ। कान्छो छोरो २८ वर्षीय अशोक कुसुन्डा हाल वैदेशिक रोजगारीमा हुनुहुन्छ। भोगटेनीकी आशा गुरुङसँग विवाह गरेका अशोकका एक छोरा र एक छोरी छन्।

आफ्ना तीनैजना छोराछोरीले ४-५ कक्षा पढ्दै छोडेको उहाँले बताउनुभयो । “नपढ्नेलाई जति कराए पनि लाग्दैन रहेछ । सानैमा बिहे गरेर अहिले छोराछोरीको धनी भएका छन्”, चेतबहादुरले भन्नुभयो, “म पनि अक्षर चिन्दिनँ। छोराछोरीले के पढ्थे।”

चेतबहादुरकी श्रीमतीको भने मृत्यु भइसकेको छ। “बुडिया बितेको त चार वर्ष भयो । आमा पनि पोहोरको चैतमा खसेकी हुन्”, उहाँले भन्नुभयो, “आफन्तका नाममा दिदीबहिनी र ससुराली छन्। आमाको माइती लमजुङको भोटेओडार हो । मावली टाढा भयो, आउजाउ छैन।”

आफू १० वर्षको हुँदा बितेका बुबा गनबहादुर कुसुन्डा को थिए ? कहाँबाट आएका थिए ? र उहाँको परिवार को हुन् भन्नेबारे चेतबहादुर बेखबर हुनुहुन्छ। उहाँलाई न कुसुन्डाको भाषा थाहा छ, न रीतिरिवाज, न त वेशभूषा नै। उहाँले अन्यत्रका कुसुन्डा समुदायसँग चिनजान, आउजाउ पनि गर्नुभएको छैन । गोरखा दरबार सङ्ग्रहालयमा आफ्नो जातिको डमी राखेको देखपछि आफू खुसी हुने गरेको उहाँको भनाइ छ।

“अन्ततिरको कुसुन्डाहरूले त आफ्नै भाषा बोल्छन् रे भन्ने सुनेको छु। अब हामीलाई त केही थाहा छैन। बाउबाजेसँग सङ्गत भएको भए पो आफ्नो जात, धर्म, संस्कृतिबारे केही थाहा हुन्थ्यो होला”, उहाँले भन्नुभयो। आफूहरूले अरू हिन्दूसरह नै सबै चाडपर्व मनाउँदै आएको चेतबहादुरले बताउनुभयो । उहाँ भन्नुहुन्छ, “दसैं, तिहार सबै मनाउँछौं। अरूले जस्तै हरेक वर्ष वायु पूजा, कुलायन पूजा पनि गर्छौं। हाम्रो कुलायन पूजामाचाहिँ भाले चढाउनु पर्छ।”

सरकारले उहाँको आठ जना परिवारलाई प्रतिव्यक्ति मासिक चार हजारका दरले भत्ता दिँदै आएको छ। हाल बस्दै आएको एकपाखे घर पनि जनता आवास कार्यक्रमअन्तर्गत निर्माण भएको हो। अब सरकारले लोपोन्मुख कुसुन्डा जातिको उत्थान र संरक्षणका लागि थप कार्यक्रम ल्याउनुपर्ने चेतबहादुरको भनाइ छ। सरकारले आफूहरूको लागि उचित बासस्थानको व्यवस्था मिलाउनुपर्ने उहाँको माग छ।रासस

# पहाडबाट तराई झर्ने बढ्दै, चुनौती थपिँदै

भीमदत्त । सुदूरपश्चिमका पहाडी जिल्लामा बसाइँसराइका कारण गाउँहरू रित्तो हुँदै गएका छन्। तराईमा जनसङ्ख्याको ग्राफ बढ्दो छ। नौवटा जिल्ला रहेको सुदूरपश्चिममा कुल जनसङ्ख्याको २० प्रतिशत जनसङ्ख्या कञ्चनपुरमा छ।

नेपालको जनगणना २०७८ का अनुसार यस प्रदेशमा २६ लाख ९४ हजार ७८३ जनसङ्ख्या छ । त्यसमध्ये महिलाको १४ लाख २१ हजार ९९७ छभने पुरुषको जनसङ्ख्या १२ लाख ७२ हजार ७८६ रहेको छ । यस प्रदेशबाट धेरै जना पुरुष रोजगारीका लागि भारत र तेस्रो मुलुकसमेत जाने गरेकाले अन्य प्रदेशको तुलनामा पुरुषको जनसङ्ख्या कम्ती र महिलाको जनसङ्ख्या बढी देखिएको हो।

तथ्याङ्कअनुसार यहाँ महिलाको जनसङ्ख्या ५२ दशमलव ७७ र पुरुषको जनसङ्ख्या ४७ दशमलव २३ प्रतिशत रहेको छ। प्रदेशका नौ जिल्लामध्ये तराईका दुईवटा र दुईवटा पहाडका बाहेक पाँचवटा जिल्लाको जनसङ्ख्या घट्दो अवस्थामा छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको जनगणनाअनुसार अछाम, बैतडी, डोटी, बझाङ, डडेल्धुरा जिल्लाको जनसङ्ख्या हरेक वर्ष घट्दो अवस्थामा छ। हिमाली जिल्ला दार्चुलाको जनसङ्ख्या वृद्धिदर स्थिर अर्थात् शून्य प्रतिशत छ।

पहाडको बाजुरा जिल्लाको जनसङ्ख्या वृद्धिदर सामान्य अवस्थामा बढेको छ । यहाँको वृद्धिदर शून्य दशमलव २५ प्रतिशत छभने कैलालीको सबैभन्दा उच्च एक दशमलव ४८ र कञ्चनपुरको एक दशमलव २५ प्रतिशत रहेको छ। तथ्याङ्क समन्वय कार्यालय धनगढीका प्रमुख गोविन्द न्यौपानेका अनुसार अन्य प्रदेशको जस्तै यस प्रदेशमा पनि पहाडी र हिमाली ठाउँबाट मानिसहरू तराई–मधेसतिर झर्ने र पहाडमा बसे पनि सहरी क्षेत्रतिर बस्ने प्रवृत्ति बढेकाले जनसङ्ख्या वितरणमा समस्या देखिएको हो।

अन्न उत्पादनको भण्डारका रूपमा चिनिने तराईमा बढ्दो जनसङ्ख्याले कृषियोग्य भूमि घट्दै गइरहेको छ। जनसङ्ख्या व्यवस्थापनका लागि प्रदेश र



स्थानीय सरकारले बेलैमा चासो नदिएमा निकट भविष्यमा नै ठूलो समस्या निम्तने धेरैको चिन्ता छ।

“पहाडतिर रोजगारी, शिक्षा, आफू अनुकूल समाज र अवसरहरू कम हुँदा नागरिकहरू त्यस्ता कुरा सजिलै पाउने ठाउँतिर झरेर यस्तो असन्तुलन भएको हो”, कार्यालय न्यौपाने भन्नुहुन्छ, “यसलाई रोक्नका लागि स्थानीय र प्रदेश सरकारले विशेष ध्यान दिनु पर्दछ। तथ्याङ्कमा आधारित योजना र बजेट बनाइयो भने मानिसका आवश्यकता आफू बसेकै ठाउँमा सम्बोधन हुन सक्छन् । नभए सुदूरपश्चिमा असन्तुलित जनसङ्ख्याले दीर्घकालीन रुपमा चुनौती थपिने छ।”

उहाँले तराईमा बढ्दो जनसङ्ख्याले कृषि उत्पादन क्षेत्र घटिरहेको र पहाडमा बाँझो जमिन बढिरहेको अवस्थाले समयमै उपयुक्त नीति अख्तियार नगरे निकट भविष्यमा आयातको दायरा थप बढ्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो।

विज्ञहरूका अनुसार सुदूरपश्चिमको जिडिपीमा कृषि क्षेत्रको योगदान ३० प्रतिशत रहेकाले उत्पादन घट्दा यहाँको अर्थतन्त्रमा पनि सङ्कुचन आउने देखिन्छ। यहाँको कुल जनसङ्ख्याको आधाभन्दा बढी जनसङ्ख्या कैलाली र कञ्चनपुरमा छ । कैलालीमा करिब ३३ प्रतिशत र कञ्चनपुरमा २० प्रतिशत मानिसको बसोबास छ। जनसङ्ख्याको यो चाप सदरमुकाम भीमदत्तमा मात्र होइन ग्रामीण क्षेत्रतिर पनि उस्तै रहेको छ।

भीमदत्त नगरपालिका प्रमुख पदम बोगटीका अनुसार तराईको सुगम, राजमार्गसँग जोडिएको नगर भएकाले पनि यहाँ मानिसको आकर्षण हुनु स्वाभाविक नै हो। हरेक वर्ष नयाँ मान्छे थपिँदा स्रोत व्यवस्थापन बर्सेनि चाप बढ्दै गएको उहाँको भनाइ छ। “नगरपालिकामा भएका सबै शाखाले आ-आफ्नो क्षेत्रको अवस्थाबारे जानकारी गराउने गरेका छन् । बसाइँसराइ र बढ्दो जनसङ्ख्याले स्रोत व्यवस्थापनमा दबाब छ, तर पनि हालसम्म व्यवस्थापन गरिरहेकै छौं। यो निरन्तर बढ्ने हो भने समस्या हुनसक्छ”, नगरप्रमुख बोगटीले भन्नुभयो।

राष्ट्रिय तथ्याङ्क कार्यालय, सुदूरपश्चिमका अनुसार कञ्चनपुरका नौवटा स्थानीय तहको जनसङ्ख्यामा भीमदत्त नगरपालिकाको जनसङ्ख्या एक लाख २२ हजार ३२० रहेको छ। यसैगरी, कृष्णपुर नगरपालिकाको ७१ हजार ५००, शुक्लाफाँटा नगरपालिकाको ५३ हजार ९६९, वेदकोट नगरपालिकाको ५७ हजार ६८०, दोधारा चाँदनीको ४२ हजार ९७४ जनसङ्ख्या रहेको छ। पुनर्वास नगरपालिकामा ६१ हजार ७४८, बेलौरीमा ५३ हजार ९१०, बेलडाँडी गाउँपालिकामा २१ हजार ८८८ र लालझाडी गाउँपालिकामा २५ हजार ३७ जनसङ्ख्या छ।

सुदूरपश्चिम विश्वविद्यालयका उप-प्राध्यापक शङ्करदत्त भट्टले जनसङ्ख्या व्यवस्थापनका लागि बसाइँसराइ निकै चुनौतीपूर्ण रहेको बताउनुभयो। यसलाई नियन्त्रणका लागि पहाडी क्षेत्रमा रहेका स्रोतसाधनको सदुपयोगसँगै राज्य स्रोतलाई समानुपातिक रूपमा वितरण गर्नुपर्नेमा उहाँको जोड छ। सुदूरपश्चिमका पहाडी जिल्लामा तरकारी, फलफूल खेतीसँग पशुपालनको ठूलो सम्भावना रहेकाले त्यसमा सरकारले सरकारी-निजी साझेदारीमा लगानी गर्नुपर्ने भट्टको सुझाव छ।

“बसाइँसराइका कारण पहाडी क्षेत्रमा खेतीयोग्य जमिन बाँझो छ, ती क्षेत्रलाई नमूना कृषि पकेट क्षेत्रमा वर्गीकृत गर्नुपर्छ”, उप-प्राध्यापक भट्टले भन्नुभयो, “ती क्षेत्रमा सरकारले लगानी गर्नुपर्छ, किसानलाई सामूहिक खेतीमा आबद्ध गराउने नीति अवलम्बन गरिनुपर्छ । साथै सरकारले उत्पादनको सुरक्षा र बजारीकरणका लागि पूर्वाधार निर्माणसँगै कृषि एम्बुलेन्स, चिस्यान केन्द्र निर्माण गर्नुपर्ने आवश्यकता छ।”

सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगका सदस्य डा हिरा चन्दले रोजगारी, गुणस्तरीय शिक्षा र राम्रो स्वास्थ्य उपचारको खोजीमा पहाडबाट बसाइँसराइ भइरहेकाले त्यसको सुधारमा सरकारले ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले यहाँका पहाडी जिल्लामा बसाइँसराइ रोक्न प्रदेश सरकारले एकीकृत बस्ती विकास, एक पालिका, एक उत्पादन र पूर्वाधार विकासमा जोड दिएको उहाँको भनाइ छ।

“पहाडी क्षेत्रमा पूर्वाधार विकास र सेवा प्रवाह खर्चिलो छ । त्यसैले छरिएर रहेको बस्तीलाई एकीकृत गर्नुपर्छ, सामुदायिक विद्यालयमा गुणस्तर सुधारसँगै आवासीय बनाउनुपर्छ”, सदस्य चन्दले भन्नुभयो, “सुदूरका पर्यटकीय क्षेत्रको विकास गरी रोजगारी सिर्जना गर्न सके नागरिकको जीवनमा सुधार हुन्छ। किसानलाई उत्पादनमा अनुदान, उद्यमीलाई कर्जामा ब्याज अनुदान दिएर प्रोत्साहन गरिनुपर्छ।”रासस

# शुक्लाफाँटामा हात्ती आतङ्क



कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-७ सिमलफाँटाका बासिन्दा दुई सातादेखि जङ्गली हात्तीको त्रासमा बाच्न बाध्य छन् । रात पर्नुअघि नै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट बस्ती छिर्ने हात्तीले स्थानीयको धानबालीमा क्षति गर्दै आएका छन्।

स्थानीयका अनुसार यस अवधिमा ३५ भन्दा बढी परिवारको झण्डै चार विघा खेतको धानबालीमा हात्तीले नोक्सानी पुर्‍याएका छ । “पहिले हात्ती धान पाक्ने बेला मात्र आउँथे, तर यस वर्ष बाला नलाग्दै पुगेका छन्”, स्थानीय केशवदत्त जोशीले भन्नुभयो, “यसरी निरन्तर आउँदा बाली पूर्णरूपमा सखाप हुने खतरा बढ्दै गएको छ।”

जोशीले गए राती घरको आँगनमै हात्ती पुगेको घटना सुनाउनुभयो । “ढोकाबाट निस्कँदै गर्दा हात्ती आँगन नाघ्दै थियो”, उहाँले भन्नुभयो, “जम्का भेट भएको भए ज्यानै लिने थियो भगवानले बचाए ।” गाउँका अधिकांश पुरुष रोजगारीका लागि भारततर्फ गएका हुँदा घरमा महिलामात्र हुने गरेका छन्। “दिउँसो मजदुरी गर्न जानुपर्छ, रातभर हात्ती धपाउन जाग्राम बस्नुपर्छ, यसरी मजदुरी गर्नै नसक्ने अवस्था छ”, प्रेम लुहारले दुखेसो पोख्नुभयो, “मजदुरी नगरे पेट पालिन्न, हात्ती नभगाए बाली नष्ट हुन्छ, कहिलेकाहीँ घरै भत्काउने खतरा हुन्छ।”

स्याली नदी किनारमा लगाइएको मेसवायर भत्काएर हात्ती खेत र बस्तीमा प्रवेश गर्ने गरेका छन्। “हात्तीले ठाउँ-ठाउँमा मेसवायर भत्काएका छन्, विद्युतीय तारवार जडानको माग गर्दा सुनुवाइ भएको छैन”, स्थानीय दानसिंह कुवँरले भन्नुभयो।

उहाँका अनुसार मेसवायरमा जनावरलाई नमार्ने तर झड्का दिने प्रणाली भए हात्तीको प्रवेश रोक्न सकिन्थ्यो । निकुञ्ज कार्यालयदेखि स्थानीय तह र प्रदेश सरकारसम्म माग गर्दा पनि सहयोग नपाएको गुनासो उहाँले सुनाउनुभयो । “अघिल्ला वर्ष हात्ती आगो देखेर तर्सन्थे, तर अहिले तर्सनै छाडेका छन्”, उहाँले भन्नुभयो, “ निकुञ्ज कार्यालयसँग पटाका माग्दा जनावर रिसाउने र ठुलो क्षति गर्ने भन्दै दिन नमिल्ने जवाफ दिएर फर्कायो, आगो देखेर तर्सिदैंन, हात्ती बस्ती प्रवेश गर्ने ठाउँमा बत्तीको व्यवस्था छैन, यसले मानविय क्षति हुने सम्भावना बढ्दै गएको छ।”

सिमलफाँटा गाउँको गल्ली नं १ र २ सबैभन्दा बढी प्रभावित छन्। वडाध्यक्ष प्रतापसिंह धामीका अनुसार विद्युतीय करेन्ट प्रवाह गर्ने उपकरण महँगो भएकाले वडाको बजेटले धान्दैन। “नगर र प्रदेश सरकारसँग आवश्यक सहयोग मागेका छौँ”, उहाँले भन्नुभयो, “अश्वासन पाइए पनि अहिलेसम्म बजेटको टुङ्गो लाग्न सकेको छैन।” रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०४/३० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय परवानीपुर, बाराबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०५/०५ गते/स्थान : शाखा कार्यालय परवानीपुर, बारा | २०८२/०५/०८ गते, आइतबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : केमुदिन अंसारी**<br>ना.प्र.नं. ३४-०१-७२-०१८९१, जि.प्र.का. पर्सा, जारी मिति : २०७२/०३/०३<br>बाबुको नाम : मोअलवी मिया अंसारी, बाजेको नाम : ओली मिया<br>ठेगाना : पर्सा जिल्ला, विश्रामपुर वडा नं. २, हाल : पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. १ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सोहाना खातुन**<br>ना.प्र.नं. ३४-०१-७५-०३२७५, जि.प्र.का. पर्सा<br>जारी मिति : २०७५/०३/०८<br>पतिको नाम : केमुदिन अंसारी<br>ससुराको नाम : मोअलवी मिया अंसारी<br>ठेगाना : पर्सा जिल्ला, विश्रामपुर वडा नं. २<br>हाल : पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. १ | **२. नाम : मोअलवी मिया अंसारी**<br>ना.प्र.न. १६५५०३७२, जि.प्र.का. पर्सा<br>जारी मिति : २०३५/०१/१२<br>बाबुको नाम : ओली मिया<br>बाजेको नाम : चनु मिया<br>ठेगाना : पर्सा जिल्ला, विश्रामपुर वडा नं. २<br>हाल : पर्सा जिल्ला, बहुदरमाई न.पा. वडा नं. १ |
| | **धितोको विवरण** | |
| | धनी ज्योति विकास बैंक लि. भई ऋणी केमुदिन अंसारीको नाममा यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता श्रेष्ता कायम रहेको प्रदेश-०२-०३-००१-च-५८०४, च्यासिस नं. MAT464602MSR12631, इन्जिन नं. 4SPCR10JYX627085 को टाटा जेनन योद्धा एससी सवारी साधन थान १। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय रमानन्द चौक, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०४/३० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

### तपसिल

| ऋणीको विवरण | |
|---|---|
| महोत्तरी जिल्ला, सिंग्याही गा.वि.स. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा मिति २०७३/०५/२३ गते रोज ५ मा प्रा.फ.र.नं. ३४१६/४८-०७३/७४ स्थानिय व्यापार तथा आन्तरिक राजस्व कार्यालय जनकपुरमा मिति २०७३/०५/३० मा स्थायी लेखा नम्बर (PAN) ६०५१००३७६ अन्तर्गत दर्ता कायम भएको **ईसानी हार्डवेयर**।<br>**प्रोप्राइटर : अनिल कुमार यादव** | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. राजेश्वर यादवको नाति, राम पदार्थ यादवको छोरा, महोत्तरी जिल्ला, साविक सिंग्याही गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. २ बस्ने **अजित यादव** (ना.प्र.नं. १८-३-०५८/१०२७, जारी मिति २०६३/११/०५, जि.प्र.का. महोत्तरी)। | २. राजेश्वर यादवको नाति, राम पदारथ यादवको छोरा, महोत्तरी जिल्ला, साविक सिंग्याही गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. २ बस्ने **अनिल कुमार यादव** (ना.प्र.नं. ८८८९३९७७, जारी मिति २०६१/१०/०४, जि.प्र.का. महोत्तरी)। |
| ३. राम पदारथ यादवको बुहारी, सुनिल कुमार यादवको पत्नी, महोत्तरी जिल्ला, साविक सिंग्याही गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. २ बस्ने **गीता कुमारी** (ना.प्र.नं. १८-१-०५९/९१, जारी मिति २०६६/०६/१९, जि.प्र.का. महोत्तरी)। | ४. राजेश्वर यादवको नाति, राम पदारथ यादवको छोरा, महोत्तरी जिल्ला, साविक सिंग्याही गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. २ बस्ने **सुनिल कुमार यादव** (ना.प्र.नं. ८८८९३८३४, जारी मिति २०६०/०३/१५, जि.प्र.का. महोत्तरी)। |
| **धितोको विवरण** | |
| १. ईसानी हार्डवेयरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivable) उपर हाईपोथिकेशन सुरक्षण।<br>२. अजित यादव (ना.प्र.नं. १८-३-०५८/१०२७, जारी मिति २०६३/११/०५, जि.प्र.का. महोत्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला, साविक सिंग्याही गा.वि.स. वडा नं. ७ नक्सा सिट नं. ७ क स्थित कित्ता नं. ३९, ३७ र ३२५ को क्षेत्रफल क्रमश : ०-४-१०-०, ०-५-१४-० र ०-२-८.७५-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। | |

Siddhartha Bank
शाखा कार्यालय : रमानन्द चौक, धनुषा
फोन नं. ०४१-५२७५५०
Website : www.siddharthabank.com

# पूर्वमहामन्त्री काँग्रेसमा प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का पूर्वमहामन्त्री देवेन्द्रकुमार यादव नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीमा स्वागत गर्दै भित्र्याएका थिए ।

तत्कालीन सद्भावना पार्टीको राजनीतिबाट राजपा हुँदै सहमहामन्त्री महेन्द्र यादवको उनलाई पार्टी प्रवेशमा सहमत गराइएको थियो ।

काठमाण्डुमा बिहीबार एक कार्यक्रम बीच यादवलाई देउवाले सदस्यता प्रदान गरी स्वागत गरे । उनलाई कांग्रेस केन्द्रीय सदस्यमा मनोनित गर्ने बुझिएको छ ।

सहमहामन्त्री यादवले मधेशका अन्य पाँच जना नेता पनि कांग्रेस केन्द्रीय सदस्यमा मनोनित गर्ने



यादव लोसपा नेपालमा पुगेका थिए । तत्कालीन राजपामा उनी महामन्त्री थिए । महतोले लोसपा छाडेर जातीय समूहमार्फत राजनीतिमा लागेपछि यादव निष्क्रिय बसेका थिए । कांग्रेसका गरी पार्टी प्रवेश गराउन तयारीमा भइरहेको दाबी गरे ।

कांग्रेसमा प्रवेश गरेका नवप्रवेशी देवेन्द्र यादव पेशाले इञ्जिनियर हुन् । उनले राजपामा हुँदा विदेश विभाग प्रमुख थिए ।

# राई र महतोबीच कार्यगत एकता

दुई पार्टीका अध्यक्षले हस्ताक्षर गरेको सहमति पत्रमा ८ बुँदे आचारसंहितामा नै उल्लेख गरिएको छ ।



**टुडे समाचारदाता**

काठमाण्डु । अशोक राई नेतृत्व जनता समाजवादी पार्टी र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीबीच कार्यगत एकता घोषणा भएको छ ।

कार्यगत एकता गरेसँगै एउटा पार्टीले अर्को पार्टीमाथि आरोप प्रत्यारोप गर्न तथा कार्यगत एकताको नीति विरुद्ध सार्वजनिक टिकाटिप्पणी गर्न नपाइने सहमति भएको छ ।

दुई पार्टीका अध्यक्षले हस्ताक्षर गरेको सहमति पत्रमा ८ बुँदे आचारसंहितामा नै उल्लेख गरिएको छ ।

दुई दलबीचको केन्द्रीय संयोजन समितिले पारित गरी जारी गरेका निर्देशनहरू तथा प्रदेश र जिल्ला संयोजन समितिहरूले गरेका निर्णयहरू दुबै दलले पालना गर्नुपर्ने, संयुक्त रूपमा गरिने सार्वजनिक कार्यक्रमहरूमा दुई दलबिचको कार्यगत एकताको उद्देश्य, नीति र कार्यक्रमको आधारमा आफ्नो मन्तव्य दिनुपर्ने उल्लेख छ ।

दुई दलबीचको कार्यगत एकताको संरचना सामान्यतः तीन तहको हुनेछ । सहमति पत्रमा भनिएको छ, केन्द्रीय तहमा केन्द्रीय संयोजन समिति रहने छ । यस समितिमा पार्टीका अध्यक्षहरूसहित प्रत्येक पार्टीहरूबाट ७/७ जना रहने छन । समितिमा कम्तिमा २ जना महिला हुनुपर्ने छ । आपसी समन्वय र कार्यसंचालनको लागि सचिवालय बनाउन सकिनेछ ।

प्रादेशिक तहमा प्रदेश संयोजन समिति रहने छ यस समितिमा प्रदेशका अध्यक्षहरूसहित प्रत्येक पार्टीहरूबाट ५/५ जना रहने छन् भने स्थानीय तहमा हाललाई जिल्ला संयोजन समिति रहनेछ । यस समितिमा जिल्ला अध्यक्षसहित ३/३ जना रहने जनाइएको छ ।

# नेपाल सद्भावना पार्टी पुनर्गठन



**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल परित्याग गरी पुनर्गठित नेपाल सद्भावना पार्टीको नेतृत्व सम्हालेका अनिल कुमार झाले पार्टीका तर्फबाट विभिन्न प्रतिबद्धता सार्वजनिक गरेका छन् ।

काठमाण्डुमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा नेपाल सद्भावना पार्टीका अध्यक्ष झाले ४ वटा सैद्धान्तिक र ८ वटा व्यावहारिक प्रतिबद्धता सार्वजनिक गरिएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीको माध्यमबाट राजनीतिक, आर्थिक, सामाजिक, भाषिक सांस्कृतिक, लैंगिक, क्षेत्रीय, जातीय एवं सामुदायिक विभेद अन्त्य एवं प्रत्येक नागरिकको वैयक्तिक स्वतन्त्रताको प्रत्याभूतिका लागि संघर्षरत रहने प्रतिबद्धता समेत नेपाल सद्भावना पार्टीले जनाएको छ । व्यावहारिक प्रतिवद्धता अन्तर्गत मधेसमा खानेपानी संकटको दीर्घकालीन समाधान, मधेसको उर्वर माटोको क्षयीकरण रोक्न, उन्नत कृषि प्रणाली स्थापना, स्वरोजगार प्रवर्द्धनका समाधानमुखी प्रयासमा ध्यानाकर्षण गराएको छ ।

त्यस्तै संघीयता कार्यान्वयनमा प्रदेश सरकारहरूले देखाइरहेको उदासीनता र केन्द्र सरकारको उपेक्षाभावप्रति सो पार्टीले चिन्ता प्रकट गरेको छ ।

मधेश लगायत देशभरका किसानले भोगिरहेको रासायनिक मलको कमी अविलम्ब समाधानका लागि केन्द्र र प्रदेश सरकारहरूसँग माग पनि गरिएको छ ।

नेपाल सद्भावना पार्टी समावेशी संविधान, समान प्रतिनिधित्व र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संरचनाको सरक्षणप्रति दृढ रहेको पनि अध्यक्ष झाले प्रस्ट पारेका छन् ।

# मिथिला नगरका सम्पूर्ण डान्सबार बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका भित्रका सम्पूर्ण डान्सबार बन्द गर्न हुने भएको छ । ढल्केवरमा बिहीबार मिथिला नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक कुमार भण्डारीले मिथिला नगरभित्र सञ्चालित सम्पूर्ण डान्सबार सात दिनभित्र अनिवार्य बन्द गर्न निर्देशन दिएको जानकारी दिए ।




मिथिला नगरमा रहेका विभिन्न अन्य व्यवसाय सञ्चालन गर्ने गरी अनुमति लिइ डान्सबार सञ्चालन गरेको कारण समाजमा उच्छुंखलता बढी आपराधिक क्रियाकलापलाई बढावा मिलेको देखिएको र सो सम्बन्धी जनगुनासो समेत प्राप्त भएको उनले बताए ।

मिथिला नगरभित्र सञ्चालनमा रहेका होटेल तथा गेष्ट हाउसहरूमा बसोबासका लागि आउने प्रत्येक पाहुनाहरूको स्पष्ट परिचय खुल्ने कागजात अनिवार्य रूपमा राखेर मात्र बस्न अनुमति दिन पनि जारी गरिएको एक सूचनामा उल्लेख गरिएको छ ।

नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका होटल तथा गेष्ट हाउसहरूमा अपरिचित व्यक्तिहरू आएर बस्ने र आपराधिक क्रियाकलापहरू गर्ने गरेको पाइएकाले त्यस्तो व्यवस्था गर्न निर्देशन दिइएको उनले बताए । नगरपालिका लगायतका नियमनकारी निकायबाट अनुगमनको क्रममा पाहुनाहरूको परिचयपत्र राखेको फेला नपरे नियमानुसार कारबाही गर्ने मिथिला नगरपालिकाले स्पष्ट पारेको छ ।

मिथिला नगरमा अश्लीलता फैलाएको भन्दै स्थानीयले तीन दिनअघि मात्रै ढल्केवरको दुई डान्सबारमा तोडफोड गरेका थिए । लामोसमयदेखि डान्सबारले समाजमा फैलाएको विकृतिविरुद्ध स्थानीय प्रशासनलाई गुहार्दा समेत कुनै सुनवाइ नभएपछि स्थानीयहरू अहिले सशक्त आन्दोलनमा उत्रिएका थिए ।

पछिल्लो समय ढल्केवर क्षेत्रका अधिकांश होटलहरूमा यौनजन्य क्रियाकलाप भइरहेको स्थानीयहरूले गुनासो गर्दै मिथिला नगरमा विकृति विसंगति फैलाउने कार्यले समाजमा नकारात्मक प्रभाव फैलिदैं गएको भन्दै स्थानीयहरुले आन्दोलनमा उत्रेका थिए ।

अघिल्लो सातामात्रै वेश्यावृत्ति धन्दा चलाएको आरोपमा धनुषाको ढल्केवरस्थित रहेको मौसम होटलका सञ्चालक पक्राउ परेका थिए । खुलेयाम रुपमा वेश्यावृत्ति धन्दा चलाएर ठाउँलाई बदनाम गराएको भन्दै स्थानीय युवाहरूले होटलमाथि निगरानी बढाएका थिए ।

# ५० हजार धरौटीमा यादव रिहा



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-९ का राजकिशोर यादवलाई धनुषा जिल्ला अदालतले धरौटीमा थुनामुक्त गर्न आदेश दिएको छ ।

जिल्ला अदालतले बिहीबार न्यायाधीश मनोजकुमार श्रीवास्तवको इजलासले ५० हजार धरौटी लिएर थुनामुक्त गर्ने आदेश दिएको छ ।

उनलाई ९ वटा तमसुक, २३ वटा लालपुर्जा र ५ वटा चेकसहित यादवलाई पक्राउ धनुषा प्रहरीले पक्राउ गरेको थियो ।

मिथिला नगरपालिका-८ की ऋणी विमलाकुमारी थ्रोङचिङ मगरले साहु राजकिशोरको नाममा 'सुसाइड नोट' लेखेर आत्महत्या गरेकी थिइन् । त्यसपछि धनुषा प्रहरीले साउन २ गते यादवलाई पक्राउ गरेको थियो ।

मृतक परिवारकै जाहेरीको आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले उनीमाथि आत्महत्या दुरुत्साहन र अनुचित लेनदेन मुद्दा दायर गरेको थियो । यादवलाई आत्महत्या दुरुत्साहन मुद्दामा बुधबार चार लाख रुपैयाँ धरौटीमा छोड्ने अदालतले आदेश दिएको थियो भने बिहीबार अनुचित लेनदेन मुद्दामा पनि ५० हजार रुपैयाँ धरौटी लिएर थुनामुक्त गर्न आदेश दिएको छ ।

साहु यादवले गत असार ३२ गते मिथिला नगरपालिका-८ की ३४ वर्षीया मगरलाई गालीबेइज्जती गर्दै जेल पठाइ दिने धम्की दिएका थिए ।

त्यसको अर्को दिन विमलाले साहु यादवको नाम उल्लेख गर्दै 'सुसाइड नोट' लेखेर आत्महत्या गरेकी थिइन् । धनुषा प्रहरीले साहु यादवलाई पक्राउ गरेर घरको खानतलासी गर्दा ९ वटा तमसुक, २३ वटा लालपुर्जा र विभिन्न बैंकका चेकसमते बरामद गरेको थियो ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८